# लेखापरीक्षण प्रतिवेदन

## षडानन्द नगरपालिका, भोजपुर

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# षडानन्द नगरपालिका, भोजपुर

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-२-५
च.न :APPROVED/FAR/2081-82/LOC/342

श्रीमान नगरप्रमुखज्यू

षडानन्द नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, भोजपुर ।

**विषय - लेखापरीक्षण प्रतिवेदन।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-२-५
च.न :APPROVED/FAR/2081-82/LOC/342

श्रीमान् नगर प्रमुखज्यू,
षडानन्द नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
भोजपुर।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय- व्ययतर्फ रु. १७ खर्व ३४ अर्व ७१ करोड ५ लाख ७५ हजारको लेखापरीक्षण गर्दा रु.२ करोड ६३ लाख ४४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १ करोड ७९ लाख ३१ हजारको फस्यौंट भई असुल गर्नुपर्ने रु.१ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१२ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु.६७ लाख २९ हजार र पेश्की बाँकी रु.२ लाख ५८ हजार गरी जम्मा रु.८४ लाख १३ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.११ करोड ५२ लाख ५४ हजार मध्ये रु. ५ लाख ५९ हजार फस्यौंट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.१२ करोड ३१ लाख ८ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन, विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण

सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | सम्परीक्षणबाट फछ्यौंट | | | सम्परीक्षणबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९२ | ५२ | २,६३,४४,०२७ | ० | ३९ | १,७९,३१,०३३ | ० | ९२ | १३ | ८४,१२,९९४ | १,३७,४०० | ६७,२९,३८४ | १२,८८,२१० | ० | ० | ८०,१७,५९४ | २,५८,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षणबाट फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | ११,५२,५३,८४६ | ० | ५,५९,३८८ | ११,४६,९४,४५८ | ० | ८४,१२,९९४ | १२,३१,०७,४५२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **प्रारम्भिक प्रतिवेदन उपरको सम्परीक्षण विवरण** | | | |
| १ | २०८१/८२ | ६४.२ | सभाहल निर्माण | १६,८०,२७७ |
| २ | २०८१/८२ | ५७ | संघीय सशर्तको कार्यक्रमको फिर्ता खर्च | २,९२,४२८ |
| ३ | २०८१/८२ | ५० | शिक्षा तर्फ | १,१४,०२,३१० |
| ४ | २०८१/८२ | ४६ | विमा तथा नविकरण | १,०७,८०० |
| ५ | २०८१/८२ | ४८ | विद्यालयको पेशागत क्षमता विकास | १६,५०० |
| ६ | २०८१/८२ | २१ | पेश्की हिसाव | ५,४४,५०० |
| ७ | २०८१/८२ | ६५.३ | ठेक्का नं. SM/NCB/W /०९ /०७९-०८० (नगरपालिका प्रशासकीय चार तले भवन) | ३४,००,००० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८१/८२ | ५२ | जिन्सी निरीक्षण समिति वैठकः | ५७,३७५ |
| ९ | २०८१/८२ | ४४ | एम्बुलेन्स यातायात संचालन | २,८८,७४३ |
| १० | २०८१/८२ | ५०.१ | अनुगमन भत्ताः | १,४१,१०० |
| | | | जम्मा | १७९३१०३३ |
| | **गत विगत आर्थिक वर्षको सम्परीक्षण विवरण** | | | |
| ११ | २०८०/८१ | ७४.२ | असुली गर्न बाँकी आन्तरिक आय | ५,५९,३८८ |
| | | | जम्मा | ५,५९,३८८ |
| | | | कुल जम्मा | १,८४,९०,४२१ |

# षडानन्द नगरपालिका, भोजपुर

# ( ८०१०७४०२३०० )

# षडानन्द नगरपलिका , भोजपुर

# परिचय

१ **परिचय**

**(क) परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्धेश्य रहेको छ । यस पालिकामा १४ वडा २४१.१५ वर्ग किलोमिटर क्षेत्रफल तथा २९३४२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।७ देखि २०८२।५।१२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय – व्ययतर्फ रु. १ अर्ब ७३ करोड ४७ लाख ११ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३,६४,४२४.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | करकट्टी रकम दाखिला गर्न बाँकी रु. | ९७२५७ |
| २ | पारीश्रमिक कर दाखिला रु. | १०८२१७ |
| ३ | कार्यालय समय वैठक भत्ता रु. | ११७३०० |
| ४ | सहभागी भत्ता बढी भुक्तानी रु. | ३९१०० |
| ५ | प्रशिक्षक भत्ता बढी भुक्तानी रु. | २५५० |
| | जम्मा | ३६४४२४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोवारको एकीकृत विवरण**

पालिकाको आर्थिक वर्ष २०८१।०८२ को एकीकृत प्राप्ति र भुक्तानी विवरण देहायअनुसार रहेको छ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ५४४५९१६८.५६ | चालु खर्च | | ४६९२०१२२३.९२ |
| १. संचित कोष | ३३९०३६४१.४४ | | १. पालिका तर्फ | १४०५६९४१७.७४ | |
| २.धरौटी | १२८८९४४३.३४ | | २. संघीय सशर्त | ३१६२६२१२६.१८ | |
| ३.कार्यसञ्चालन कोष | ७६६६०८३.७८ | | ३. संघीय विशेष | ९९१८०४४. | |
| ४. अन्य कोष | ० | | ४. प्रदेश सशर्त | २४५१६३६. | |
| यस वर्षको आय | | | ५. प्रदेश विशेष | ० | |
| १.आन्तरिक आय | २३४६०९३६.५३ | २३४६०९३६.५३ | पूँजीगतखर्च | | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ५७२२२१३९८.२१ | १. पालिका तर्फ | १४४६९८७००.३५ | १९५१९००९२. |
| क) समानीकरण अनुदान | ९९३७६०८०. | | २. संघीय सशर्त | १७४०४४५२. | |
| ख) राजस्व बाँडफाँट | १०५५१०७४४.२१ | | ३. संघीय विशेष | ० | |
| ग) सशर्त अनुदान | ३५३१७७९८५. | | ४. संघीय समपुरक | ४१५६५८९. | |
| घ) समपुरक अनुदान | ४१५६५८९. | | ५. प्रदेश सशर्त | १८७९७५०७. | |
| ङ) विशेष अनुदान | १००००००००. | | ६. प्रदेश विशेष | ० | |
| च) रोयल्टी | ० | | ७. प्रदेश समपुरक | १०१३२८४३.६५ | |
| छ) अन्य | ० | | अन्तर सरकारी अख्तियारी (संघ) | | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ६२४३८२४५.६२ | क) सामाजिक सुरक्षा | १४७२२८१२२. | १६५८१०३२२. |
| क) समानीकरण अनुदान | ६६५५०००. | | ख) विद्यालय शिक्षा क्षेत्र योजना | २०२०००. | |
| ख) राजस्व बाँडफाँट | १४४९७४०१.९७ | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८८०२००. | |
| ग) सशर्त अनुदान | ३११५३०००. | | घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १७५००००० | |
| घ) समपुरक अनुदान | १०१३२८४३.६५ | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | |
| ङ) विशेष अनुदान | | | ऋण फिर्ता(साँवा) | | |
| च) रोयल्टी | | | ऋणको ब्याज भुक्तानी | | |
| छ) अन्य | | | धरौटी फिर्ता तथा सदर स्याहा | १७५७८०७. | १७५७८०७. |
| ४. अन्तर सरकारी अख्तियारी | | | कार्यसञ्चालन | १४८२४३४६. | १४८२४३४६. |

| | | | | | |
|---|---|---|---|---|---|
| (संघ) | | | कोषबाट भएको खर्च | | |
| क) सामाजिक सुरक्षा | १४७२२८१२२. | १६५८१०३२२. | अन्य कोषबाट भएको खर्च | ० | |
| ख) विद्यालय शिक्षा क्षेत्र योजना | २०२०००. | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ० | |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८८०२००. | | अन्य सहयोगमा सञ्चालित योजना | ० | |
| घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १७५००००००. | | अन्य खर्च भएमा | | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | ० | | अनुदान फिर्ता | | |
| ६. ऋण/ वित्तीय व्यवस्था | ० | | १. संघ तर्फ | | १९५९३३६२.८२ |
| ७. धरौटी आय | ५४८९३६४.६६ | ५४८९३६४.६६ | क) सशर्त अनुदान | १९५११४०६.८२ | |
| ८. कार्यसञ्चालन कोष आय | १४९८००८६.५९ | १४९८००८६.५९ | ख) विशेष अनुदान | ८१९५६. | |
| ९. अन्य कोषको आय | ० | | ग) समपुरक अनुदान | ० | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ० | | २. प्रदेश तर्फ | | ९९०३८५७. |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | ० | | क) सशर्त अनुदान | ९९०३८५७. | |
| १२. अन्य आय भएमा (जनसहभागिता र स्थानीय राजस्व बाँडफाँड वापतको आय) | १४०२९२५०.८६ | १४०२९२५०.८६ | ख) विशेष अनुदान | ० | |
| | | | ग) समपुरक अनुदान | ० | |
| | | | अन्तिम मौज्दात | | ३६६०७७६२.२९ |
| | | | १. संचित कोषको मौज्दात | १२१६४९३६.९२ | |
| | | | २. धरौटी | १६६२१००१. | |
| | | | ३. कार्यसञ्चालनकोष | ७८२१८२४.३७ | |
| | | | ४. अन्यकोष | ० | |
| जम्मा | ९१२८८८७७३.०३ | ९१२८८८७७३.०३ | जम्मा | ९१२८८८७७३.०३ | ९१२८८८७७३.०३ |

३ **वित्तीय प्रतिवेदन**

वित्तीय प्रतिवेदन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०१।८२ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) देहाय बमोजिम रहेको छ:

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **वित्तीय विवरण परीक्षण**

४.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरणमा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४७२२८१२२/- विद्यालय क्षेत्र आयोजनाको रु २०२०००।- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. ८८०२००।- र स्थानीय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रमको रु.१७५००००००/- समेत गरी रु. १६५८१०३२२/- एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

• पालिकाको सुत्रमा ईन्ट्री गर्नु पर्ने कतिपय टिप्पणीहरु जस्तै ८,१४,१७ र सम्पत्ति तथा राजस्व बक्यौता ईन्ट्री गरी वित्तीय प्रतिवेदनमा समावेश नगरेको अवस्था छ ।

• जिम्मेवारी - पालिकाले गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात र यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु. ५,४४,५९,१६८.५६/- जिम्मेवारी सारेको छ ।

• पालिकाको पुँजिगत खर्च खातामा असार मसान्तसम्ममा देखिएको अन्तिम मौज्दात रु. ५१२०६७ रहेको बैंक हिसाब विवरणबाट देखिएको छ । सो बाँकी मध्ये रु. ४१४८१०/- मिति २०८२।५।३ मा र संघीय शशर्त तर्फको निकासा फिर्ता बाँकी रु. ९७२५७/- भुक्तानी दायित्व कर रकम मिति २०८२।५।७ मा राष्ट्रिय बाणिज्य बैंक दिङ्ला शाखामा दाखिला भएको छ ।

४.२ बैङ्क हिसाव - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दात देहाय अनुसार रहेको छ।

| खाताकोप्रकार | श्रेस्ता अनुसारबाकी रु | बैंक अनुसार बाकीरु |
|---|---|---|
| ग २.७, विविधखर्च खाता | ३५,२०,१२२.३७ | ३५,२०,१६२.३७ |
| ग ३.१, स्थानीयतह धरौटी खाता | १,६६,२१,००१.०० | १,६६,२१,००१.०० |
| ग ४.१, स्थानीयतह सञ्चित कोष खाता | १२१६४९३६.९२ | १,२१,६४,९३६.९२ |
| ग ५.१, स्थानीयतह विविध कोष खाता | ३२,८७,४५५.०० | ३२,८७,४५५.०० |
| ग ७.२, स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | १०,१४,२४७.०० | १०,१४,२४७.०० |
| जम्मा | ३६६०७८०२ | ३,६६,०७,८०२.२९ |

४.३ **सञ्चित कोषको वित्तीय स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ ।पालिकाले प्राप्ति भन्दा ट्रान्सफर बढी गरेको कारण रु. २६८१६५९२/- न्यून मौज्दात भएको देखिन्छ ।पालिकाले संचित कोष हिसाबको श्रेस्ता अभिलेख समेत अद्यावधिक राख्नुपर्दछ । पालिकाको सञ्चित कोषको वित्तीय स्थिति देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | प्राप्ती | ट्रान्सफर | मौज्दात |
|---|---|---|---|---|
| १ | आन्तरिकश्रोत | ६,४१,२०,४५३.०६ | ६,१८,५४,६३५.४७ | २२६५८१८ |
| २ | राजस्वबाँडफाँड | १२,७२,८१,५२१.९५ | १२,७२,८१,५२२.०४ | -०.०९ |
| ३ | समानिकरणअनुदान | १०,६०,३१,०८०.०० | १०,६०,३१,०८०.०० | ० |
| ४ | शसर्तअनुदान चालु | ३१,८७,१३,७६२.१८ | ३३,२२,५५,९८५.०० | -१३५४२२२३ |
| ५ | शसर्तअनुदान पुँजीगत | ३,६६,१६,७६९.०० | ५,२०,७५,०००.०० | -१५४५८२३१ |
| ६ | विषेशअनुदान चालु | ९९,१८,०४४.०० | १,००,००,०००.०० | -८१९५६ |
| ७ | समपुरकअनुदान पुँजीगत | १,४२,८९,४३२.६५ | १,४२,८९,४३२.६५ | ० |
| जम्मा | | ६७,६९,७१,०६२.८४ | ७०,३७,८७,६५५.१६ | (२,६८,१६,५९२.३२ |

४.४ फरक हिसाव - पालिकाले सुत्रबाट तयार गरेको कोषको प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन र एकिकृत प्राप्ति र भुक्तानीको विवरण अनुसार देहाय बमोजिमको हिसाबमा फरक परेको देखियो ।पालिकाको सुत्रको हिसाबमा समाबेस नभएको अन्तरसरकारी वित्तिय हस्तान्तरणको कुल रु. १६५८१०३२२/- प्राप्ति तथा खर्च गरेको देखियो ।उक्त रकम समायोजन गर्दा हुने वित्तिय विवरणको आम्दानीमा रु. ४९९६६६७१/- र प्राप्तिमा रु. ४४०७९३७२/-फरक परेको देखिन्छ ।यस सम्बन्धमा पालिकाले यकिन गरी समष्टीगत आर्थिक कारोबारको विवरणमा यथार्थ अवस्थाको चित्रण गर्नुपदर्छ ।

| शिर्षक | गत बर्षको जिम्मेवारी | आम्दानी | खर्च | मौज्दात |
|---|---|---|---|---|
| म.ले.प.फा.न.२७० | ५४४५९१६।५६ | ६४२६५२६११।४० | ६६४३९१३१५।९२ | ३६६०७७६२।२९ |
| एकिकृत हिसाव | ५४४५९१६।५६ | ८५८४२९६०४।४७ | ८७६२८१०१०।७४ | ३६६०७७६२।२९ |
| फरक | ० | २१५७७६९९३।०७ | २०९८८९६९४।८२ | ० |

## ५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।९मा रु.७४ करोड २६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।९ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोके अनुसार बजेट पारित भएको ७ दिनभित्र अख्तियारी दिने व्यवस्थाको पालना गर्नुपर्दछ ।

## ६ बार्षिक नीति , कार्यक्रम तथा बजेट कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐनमा देहाय बमोजिमका बिषयहरु समावेश भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ ।

**(क) नीति तथा कार्यक्रमः**

• नीति तथा कार्यक्रमको बुँदा नं. ३ मा उल्लेख भएको चिस्यान केन्द्र निर्माण गर्न नीजिक्षेत्रलाई प्रोत्साहन र नगरका वडा नं. ३, ९, १० र १३ लाई चौरी भेडा पालनको पकेट क्षेत्रको रुपमा विस्तार गरि उक्त क्षेत्रमा जडिबुट्टी खेती तथा संरक्षण क्षेत्र कायम गर्ने कार्यक्रमहरु ,

• बाँझो जग्गाको सदुपयोग गर्ने नीति अवलम्बन गरिने उल्लेख भएको कार्यक्रम ,

• बुँदा नं. ४ मा उल्लेख भएको नगर रिङरोडको सम्भाव्यता अध्ययन गरी डिपिआर निर्माण र खकुवा दोभान चिखुवा खोला लगायतका विभिन्न ५ खोलाहरुमा पुल निर्माणको सम्भाव्यता अध्ययन कार्यक्रम,

• बुँदा नं. ५ मा उल्लेख भएको एम्बुलेन्स सेवाको निशुल्क व्यवस्था गरी स्वास्थ्य उपचारमा सबैको पहँचको अभिवृद्धि गर्ने कार्यक्रम,

• बँदा न. ६ मा उल्लेख भएको पालिका तथा वडा भित्रका केन्द्रहरुमा सार्वजनिक सौचालय निर्माण गर्ने कार्यक्रम ,

• बँदा न. ७ मा उल्लेख भएको घरघरमा विद्युतिय चुलोको कार्यक्रम सञ्चालन

• बँदा न. ५ मा उल्लेख भएको अरुण उपत्यका लगायत विभिन्न धार्मिक तथा पर्यटकिय सम्पदाहरुको एकिकृत धार्मिक पर्यटकिय गन्तव्य एकीकृत रणनैतिक योजना तयार गरी सुन्दर पर्यटकिय स्थल निर्माण गर्न विशेष जोड दिइने कार्यक्रम ,

• बँदा न. २० मा उल्लेख भएको बैदेशिक रोजगारबाट फर्केका कामदारलाई स्वदेशमै रोजगार सृजना गर्ने वातावरण निर्माण गरिने कार्यक्रमहरु विनियोजन ऐनमा समावेश गरेको देखिदैन ।

**(ख) विनियोजन ऐन कार्यान्वयनः**

पालिकाको विनियोजन ऐनमा समावेश भएका योजना तथा कार्यक्रम कार्यान्वयन नभएका योजनाहरु देहाय बमोजिम रहेको छ ।

• ताम्बेलुङ्ग, भिरगाउँ आम्बोटे कुलो सिचाई आयोजनाको बजेट रु. ३६४८०००/-

• खकुवा खोला मथेटार कुलो सिचाई आयोजनाको बजेट रु. ४५२००००/-

पालिकाबाट कार्यान्वयन गर्न सकिने योजना तथा कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७ **योजना तथा वजेट कार्यान्वयन**

**पालिकाको योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन**

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण समेत गर्नुपर्दछ ।

• बजेट तथा कार्यक्रम तर्जुमा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम पालिकाले आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट विभिन्न ८४ योजना तथ कार्यक्रम रु. ३ करोड १९ लाख ६८ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ४.२९ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको देखिएन ।कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वयनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायले अनुनुची २ वमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रगति प्रतिवेदन तयार गरी सम्पादिन कार्यक्रमको बार्षिक प्रगति प्रतिवेदन तथा उपलब्धि मापन गर्नुपर्दछ ।पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

८ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल २६० योजनामा बजेट विनियोजन भएको मध्ये पूँजिगत तर्फ २५६ योजनामा रु. १९५१९००९२/- खर्च लेखेको छ। सो मध्ये उपभोक्ता समितिबाट २२५ योजनाहरुमा रु. १२१०९६०४४/- खर्च गरेको छ । संचालित योजनामध्ये ८७.८९ प्रतिशत योजना उपभोक्ता समितिबाट संचालन भएको देखिन्छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. ५ लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाख देखि १० लाख सम्मका योजना सङ्ख्या | १० लाख भन्दा माथीका योजना |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय र वडास्तरीइ | २५६ | २०९ | २७ | २० |
| २ | रकम ( रु . हजारमा ) | १९५१९० | ७३९५६ | ४९८८५ | ७१३४९ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसै गरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४ योजना कार्यान्वियन हुन सकेको देखिएन । पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

## ९ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो आधिकार क्षेत्र भित्रका योजनामा आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले प्रथम आवधिक योजना २०८०।०८१-०८५।०८६ सम्मको लागी तयार गरी कार्यान्वयनमा ल्याएको छ । उक्त योजनामा क्षेत्रगत रुपमा बजेट अनुमान गरेको छ ।पालिकाले वार्षिक योजनासंग आवधिक योजनाको तादाम्यता हुनेगरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ ।

## १० राजश्व सुधार योजना

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६५ अनुसार पालिकाले राजश्व सम्बन्धी कानुन बनाउन सक्ने व्यवस्था छ । पालिकाले आ व २०८२।०८३-०८४।०८५ सम्मका लागी राजश्व सुधार योजना तयार भएको देखिन्छ । राजश्व सुधार योजना कार्यन्वयनमा ल्याई राजश्व वृद्धितर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

## ११ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको २३ योजना तथा कार्यक्रमको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ४८७७७५९७ /- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र बजेट निर्माणमा समावेश गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## १२ क्षेत्रगत बजेट र खर्चको स्थिति

१२.१ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | विवरण | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,९९,९४,१८०.०० | ३,२९,५०,२४१.०० | ४.९५ |
| २ | सामाजिक विकास | ३७,४३,२८,९९७.६२ | ३४,९७,२४,१६६.३७ | ५२.६३ |
| ३ | पूर्वाधार विकास | १८,८४,२६,०९३.०१ | १६,००,५८,००६.०० | २४.०९ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | १,२८,७६,३३७.०० | १,२१,९५,५०३.१४ | १.८३ |
| ५ | कार्यालय सञ्चालन तथाप्रशासनिक | ११,७९,१३,०३३.८१ | १०,९४,६३,३९९.४१ | १६.४७ |
| ६ | जम्मा | **७४,३५,३८,६४१.४४** | **६६,४३,९१,३१५.९२** | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.६३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा १६.४७ प्रतिशत रहेको छ ।

१२.२ पालिकाको एकिकृत वित्तिय प्रतिवेदन म.ले.प.फा.नं. २७० अनुसार पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. २३४६०९३६।५३ राजस्व बाँडफाँटबाट रु. १२०००८१४६/- अनुदानबाट रु. ५१४६५१४९७/- समेत रु.६४२६५२६११/- आम्दानी भएकोमा चालु तर्फ रु. ४६,९२,०१,२२३.९२ /- र पूँजिगत तर्फ रु १९,५१,९०,०९२/- समेत रु.६६४३९१३१५ /- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.६४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.११७८८०००/- खर्च भएको छ जुन आन्तरिक आयको ५०.२४ प्रतिशत रहेको छ । पालिकाको प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.६२ प्रतिशत चालु र २९.३६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १३ त्रैमासिक खर्च

पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा पालिकाले कुल पूंजीगत खर्चको तुलनामा प्रथम चौमासिकमा ५.८७ प्रतिशत र दोस्रो त्रैमासिकमा १९.४९ प्रतिशत, तेस्रो त्रैमासिकमा ४४.५७ तथा चौथो त्रैमासिकमा ३०.०५ प्रतिशत खर्च गरेको देखिन्छ । कुल पूँजीगत खर्चको तुलनामा आषाढ महिनामा १०.५८ प्रतिशत खर्च गरेको छ ।

| खर्च शिर्षक | कुल खर्च | त्रैमासिक खर्च (हजारमा) | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजीगत खर्च | **१९५१९०** | **११४७५** | **३८०६१** | **८६९९९** | **५८६५५** | २०६५० |
| पूँजीगत खर्च प्रतिशत | **१००** | ५.८७ | १९.४९ | ४४.५७ | ३०.०५ | १०.५८ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल पूंजीगत खर्चको चौथो त्रैमासिकमा ३०.०५ प्रतिशत र आषाढ महिनामा १०.५८ प्रतिशत खर्च भएको देखियो । त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ ।

## १४ अनुदान फिर्ता हिसाव

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बांकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको यस वर्षको वित्तीय प्रतिवेदन ( म.ले.प.फा.नं २७० ) अनुसार फिर्ता हिसाव देहाय बमोजिम रहेको देखिन्छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम रु | खर्च रकम रु | फिर्ता रकम रु | फिर्ता मिति |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३५३१७७९८५ | ३३३६६६५७८ | १९५११४०६ | २०८२।३।३० र २०८२।५।३ |
| | विषेश | १,००,००,००० | ९९,१८,०४४ | ८१,९५६.०० | २०८२।३।२९ |
| | समपुरक | ४१,५६,५८९ | ४१,५६,५८९ | ० | |
| प्रदेश सरकार | शसर्त | ३११५३००० | २१२४९१४३ | ९९०३८५७ | २०८२।३।२९ |
| | समपुरक | १,०१,३२,८४३.६५ | १,०१,३२,८४३.६५ | ० | २०८२।३।२९ |
| जम्मा | | ४०८६२०४१७ | ३७९१२३२०५ | २९४९७२१९ | |

१५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको देखिएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी संघीय प्रदेश ऐन नियम कार्यविधिको आधारमा बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रमा रु.६ लाख ४८ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको देखिएन ।

• पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको अभिलेख अद्यावधिक गरी राखेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको छ।

• सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको देखिएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको देखिएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रू.२० लाख ६० हजार खर्च लेखेकोमा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको देखिएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको देखिएन ।

• म.ले.प. फा. न. ५०३ बमोजिम नापी नियन्त्रण अभिलेख खाता राखेको देखिएन ।

• स्थानिय सरकार संचालन एन २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत

सम्भार र संरक्षण अभिलेख राखेको देखिएन ।

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रमसहीतको कार्ययोजना तयारी गरी लागु गरेको देखिएन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले खाना खाजा विविध कार्यक्रम र सभा खर्च समेत एकमुष्ट रू.३० लाख ५० हजार खर्च गरेको छ ।जुन आन्तरिक आयको तुलनामा १३.०१ प्रतिशत रहेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परीपालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १६ नगर अस्पताल

नगरपालिका मातहत १५ शैयाको दिङ्ला नगर अस्पताल सञ्चालनमा रहेको छ । षडानन्द नगरपालिकाको दिङ्ला नगर अस्पताल सञ्चालन कार्यविधि,२०८१ बमोजिम नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिबाट सञ्चालन हुने अस्पतालको छुट्टै कोष रहने, फार्मेसि सञ्चालन समेत हुने उल्लेख छ । कार्यविधिको दफा नं.११ मा समितिको आय व्यय महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नुपर्ने , आन्तरिक लेखापरीक्षण नगरपालिकाको आ.ले.प.शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने , आम्दानी र खर्चको विवरण नगरपालिकामा पेश हुनु पर्ने उल्लेख छ ।भारतिय दुतावासबाट गत विगत बर्ष निर्माण गरेको भवनमा सञ्चालन रहेको उक्त अस्पताल २०८२।३।२६ देखि सञ्चालन रहेको पालिका श्रोतबाट जानकारी प्राप्त भएको छ । पालिका मातहतका ३ स्थायी र १९ करार समेतका २२ स्वास्थ्यकर्मी कार्यरत रहेको सो अस्पतालमा पालिकाबाट असार महिनाको तलब खर्च रु. ९७३४८/- , भौतिक निर्माण तर्फ रु. १० लाख समेत यस बर्ष रु. १०९७३४८/- खर्च भएको देखियो ।नगर अस्पतालको आन्तरीक लेखापरीक्षण प्रतिवेदन ,आय व्यय विवरण , आम्दानी र खर्चको विवरण नगरपालिकामा पेश गरेको छैन ।

## १७ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

१७.१ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ तथा कोशी प्रदेश निजामति सेवा ऐन,२०७९ को दफा ४६(४) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । यो वर्ष तलवी प्रतिवेदन पारित नगराई शिक्षा तर्फको बाहेक पालिका तर्फको रु.१८९७०६६८/- र स्वास्थ्य तर्फको रु.१८३५०६७८ /- समेत जम्मा रु. ३७३२११४६ /-तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा नियमानुसार भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१७.२ **जनशक्ती व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।प्रमुख प्रशासकीय अधिकृत सहित १२७ दरबन्दी स्वीकृत रहेकोमा ७१ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कृषि, भेटेनरी, प्राविधिक सहायक ,प्रशासनिक कर्मचारी सहित ५६ जना प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहितका पदहरु रिक्त रहेका छन् । रिक्त पदमा लोकसेवा आयोगमा २०८१।८।१६ मा २६ जना माग गरी पठाएको देखियो । दरबन्दी तथा पदपुर्तिको अवस्था देहाय बमोजिम रहेको देखिन्छ ।

| विवरण | स्वीकृत दरबन्दी | पदपुर्ति | रिक्त |
|---|---|---|---|
| पालिका तर्फ | ७३ | ३९ | ३४ |
| स्वास्थ्य तर्फ | ५४ | ३२ | २२ |
| जम्मा | १२७ | ७१ | ५६ |

१७.३ **स्वीकृत दरबन्दी बेगरको पदपूर्ति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ।पालिकाको एघारौं नगरसभाबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण मिति २०८२।३।११ मा स्वीकृत गरेकोमा स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम पद दर्ता नभएको र लोकसेवामा माग आकृति पठाएको देखिएन । पालिकाका तर्फबाट ६७ जना र स्वास्थ्य तर्फका ४६ जना गरी ११३ जना कार्यक्रम करार ,नगर प्रहरी, कार्यालय सहायक, सवारी चालक समेतको करार सेवा बापतको यस बर्षको तलब रु. ३७३८९९७१/- खर्च लेखेको देखियो । करार सेवाका ११३ मध्ये पालिकाले स्वीकृत दरवन्दी वेगर देहायका पदमा ९ जना कर्मचारी नियुक्ति गरी रु. ३१३६९१२/- तलव भत्ता भुक्तानी गरेको छ । दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । स्वीकृत दरबन्दी बेगरको पदमा कर्मचारी नियुक्त गरी रु. ३१३६९१२ /- भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

| पद | नियुक्ती संख्या | बार्षिक तलब भत्ता |
|---|---|---|
| सहायक चौथो | २ | ६००००० |
| सूचना सहायक | १ | ४१६७६० |
| रिटर्नी स्वयंसेवक | १ | २९६४२४ |
| रिटर्नी सहायक | १ | १८६३०० |
| वडा खरिदार | २ | ७३४४४८ |
| रेडियो ग्राफर पाँचौ | १ | ४५१४९० |
| फार्मेसी सहायक पाँचौ | १ | ४५१४९० |
| जम्मा | ९ | ३१३६९१२ |

| | |
|---|---|
| अनियमित भएको | ३१,३६,९१२ |

१७.४ **कार्यसंचालन तथा अन्य कोष** - नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचालन गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेको छ । यो वर्ष कर्मचारी कल्याण कोष, प्रकोप व्यवस्थापन कोष, बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) व्यवस्थापन जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु. ७६६६०८३/- र यस बर्षको थप रु. १४९८००८६/- गरी जम्मा आया रु.२२६४६१६९ मा खर्च रु.१,४८,२४,३४६/- भइ रु. ७८२१८२४ /-मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

## १८ धरौटी

१८.१ **मौज्दात** - पालिकाले पेश गरेको वित्तिय प्रतिवेदन अनुसार गत वर्षको जिम्मेवारी सरेको धरौटी मौज्दात रु. १,२८,८९,४४३.३४ मा यस वर्षको प्राप्ती रु. ५४,८९,३६४.६६ समेत जम्मा रु. १,८३,७८,८०८.०० मा रु १७,५७,८०७.०० खर्च भइ रु १,६६,२१,००१.०० मौज्दात रहेको देखिएको छ । प्रयोजन समाप्त भएको धरौटी रकम यकिन गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ र ६७ बमोजिमको प्रकृया अपनाई राजश्वमा आम्दानी बाध्नु पर्दछ ।

१८.२ **फिर्ता खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम अन्तिम भुक्तानी दिदाँ निर्माण कार्यको हकमा त्रुटी सच्याउने अवधि समाप्त भएपछि कार्यसम्पादन जमानत र नियम १२३ (४) बमोजिम कट्टा गरी रिटेन्सन मनिको रकम सम्बन्धित आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछी भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस वर्ष देहाय बमोजिमको निर्माण कार्यको नियम १२३ बमोजिम कट्टा गरिएको रिटेन्सन मनी सम्बन्धित निर्माण व्यवसायीलाई रु.२,७२,४०४/- फिर्ता खर्च लेखेकोमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण संलग्न गरेको छैन । उक्त फिर्ता रकमको मुल्य अभिवृद्धी कर समायोजन गरेको कर विवरणको प्रमाण पेश हुनुपर्ने रु.

| गो. भौ . न . मिति | व्यक्ति तथा फर्म | फिर्ता रकम |
|---|---|---|
| २।२०८१।६।२५ | जाल्पादेवी निर्माण सेवा | २२३९६ |
| ३।८१।६।१५ | शप्तकोशि कन्स्टक्सन | ४०२९४ |
| ४।८१।६।१५ | लाइट विल्डर्स प्रा लि | ३५७८७ |
| ६।८१।६।१५ | दर्शन निर्माण सेवा | २५४६५ |
| ८।८१।७।२९ | नव दुर्गा निर्माण सेवा | ४४१७३ |
| १०।८१।९।२ | जि पि सि ट्रेडर्स | ४१२९२ |
| ११।२०८१।१०।७ | दर्शन निर्माण सेवा | ३१२५४ |
| २५।२०८२।१।२२ | नरसिंह सप्लायर्स | ३६०० |
| जम्मा | | २७२४०४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७२,४०४ |

१९ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म १४ वटा ऐन, ३० वटा कार्यविधि, ६ वटा निर्देशिका ,१ वटा नर्म्स लगायत ५१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

२० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको ८ गरी कुल १२ विवाद दर्ता भएकोमा ४ वटा मात्र फर्स्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२१ **पेश्की हिसाव**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । जनदोय आधारभुत विद्यालय निर्माणको लागी जनदोय आधारभुत विद्यालय निर्माण उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्छौट नभई रु.२५८०००।- बाँकी रहेको छ। फर्स्यौट गर्न बाँकी पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५४४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | २,५८,००० |

२२ **पूँजीगतखर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पूँजीगत शिर्षकबाट रु. १९५१९००९२/- खर्च गरेकोमा १५ योजनामा रु. ६५३४०९०६/- अर्थात् ३३.४७ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये सोझै खरिदबाट १८ कार्यमा रु ८११७७९६/- अर्थात ४.१५

प्रतिशत अमानतबाट विभिन्न २० कार्यमा रु ५५९०४१/- अर्थात ०.२८ प्रतिशत र उपभोक्ता समितिबाट रु. १२१०९६०४४/- अर्थात ६१.१२ प्रतिशत र ०.९८ प्रतिशत अन्य खरिद गरेको छ। सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२३ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारका निर्माण कार्यको लागि प्रतिस्पर्धा नगराई विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु.८१ लाख १७ हजार ७९६ खर्च गरेको छ । जुन पूँजीगतखर्चको ४.१५ प्रतिशत रहेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ ।

| सि नं | कार्य विवरण | निर्माण कम्पनी/ फर्म | लागत अनुमान रू. | सम्झौता रू. | भुक्तानी रू. |
|---|---|---|---|---|---|
| १. | दिङ्ला कवर्डहल विविध बाँकी काम | M/s, New Sajha Impex, Butwal | ४ , ९५ , ००० . ०० | ४ , ९१ , ५५० . ०० | ४, ९१ , ५५० . ०० |
| २. | नखुवा बगैँचा सडक स्तरउन्नती, षडान्नद नगरपालिका - ११ | श्री बुङखामा निर्माण सेवा, टेम्केमैयुङ - ०७ | ४ , ९९ , ६७८ . ०० | ४ , ९० , ४९२ . ३२ | ४ , ९० , ४९२ . ०० |
| ३. | दिङ्ला हाट बजार ग्याबिन जाली निर्माण, षडान्नद नगरपालिका - ११ | श्री एकता इन्जिनियरिङ कन्सल्टेन्ट एण्ड कन्ट्रक्सन प्रा. ली , भोजपुर नपा - ०७ | ९ , ७५ , २३० . ११ | ९ , ७२ , ३९७ . ४९ | ९ , ९२ , ३९७ . ०० |
| ४. | धनसिङ्गे डाँडा याङ्बुवा खोला सडक स्तरउन्नती कार्य | श्री बिष्णु लक्ष्मी निर्माण सेवा, षडानन्द - १० | ९ , ७६ , ००५ . ७२ | ९ , ७३ , ९१८ . ७५ | ९ , ७३ , ९१८ . ०० |
| ६. | दिङ्ला हस्पिटल ( गान्धी मेमोरियल भवन ) भौतिक पुर्वाधार निर्माण | श्री लक्ष्मी निर्माण सेवा, भोजपुर - ५ , भोजपुर | ९८०,८५३.१५ | ९७९,७६१.१० | ९७३,०७०.०० |
| ७. | फेरी तथा फरी बाटो मर्मत | श्री जालपादेवी निर्माण सेवा, भोजपुर - ८ , भोजपुर | २५२,००२.९० | २५१,४१७.०३ | २५१,४१७.०३ |
| ८. | जेष्ठ नागरिक भेटघाट चौतारा तथा मनोरञ्जन व्यवस्थपन | श्री नवदुर्गा निर्माण सेवा, भोजपुर - ९ , भोजपुर | २४९,५१७.०४० | २४८,९०७.२८० | २४८,९०७.२८० |
| ९. | दलित भवन निर्माण | श्री माँ राजदेवी इन्जिनियरिंग कन्ट्रक्सन, लक्ष्मीपुर पतारी - ३ , सिराहा | ४६९,६४८.६४० | ४६७,९८८.१०० | ४५६,८१८.२६० |
| १०. | देउराली कबर्ड हल निर्माण | श्री एकता इन्जिनियरिङ कन्सल्टेन्ट एण्ड कन्ट्रक्सन प्रा. ली , भोजपुर नपा - ०७ | ६१५,८२८.८४० | ६०४. २६८ . ७५ | ६०४. २६८ . ७५ |
| ११. | Supply and Delivery of Bib Cock Water Tap for Lamhu Khola Water Supply Project | श्री खाँदबारी होम डेक्युर एण्ड सप्लापर्स प्रा. लि ., खाँदबारी नगरपालिका - १ , संखुवासभा | ३४७,३५०.७०० | ३४५,५८४.५१० | ३४५,५८४.००० |
| १२. | वडा भवन १ कोठा निर्माण ( वडा नं १ को कार्यालय भवन ) | श्री दर्शन निर्माण सेवा, ष . न . पा - ४ भोजपुर | ८००,६७५.४८० | ७८९,३३७.७९० | ७७४,३६५.२१० |
| १३. | चिउरीबोटे कोलडाडा रमाइलो देउसी कृषि समुह साझा केन्द्र भवन ष. न . पा . ५ | श्री साल्पा निर्माण सेवा, खाँदबारी - ३ , संखुवासभा | ४९१,१५६.४९० | ४९०,९०४.८८० | ४७७,३२२.००० |
| १४. | चिउरीबोटे बालुवाबेसी सडक मर्मत | श्री नवदुर्गा निर्माण सेवा, भोजपुर - ९ , भोजपुर | १६९,७७१.६२० | १६८,०००.००० | १६८,०००.००० |
| १५. | सतिघाट प्रहरी बिट भान्सा कोठा निर्माण तथा रङरोकन | श्री दर्शन निर्माण सेवा, ष . न . पा - ४ भोजपुर | २६२,१०७.८०८ | २५८,९६४.३६० | २५७,५२४.३६१ |
| १६. | दिङ्ला साकेला भुमेथान निर्माण क्रमागत | M/s. D.P. S Construction Pvt. Ltd, Bhojpur-०८ | ४४९,४७५.९६७ | ४४७,४८८.४०७ | ४४७,४८८.४०७ |
| १७. | Upgrading of Kudakule-Khartamchha-Dingla-Tungechha-Dhansinge Dada-Nakhuwa Khola Road (Dingla to Kharbari) | M/s. Sitala Jalpa Devi Construction, Shadananda -०२ | ९९९,९२४.९४० | ६४४,७५८.२७० | ६४४,७५८.२७० |

| | | | | | |
|---|---|---|---|---|---|
| १८. | Upgrading of Satal Dhadgau Dingla Bazar Road Satal Police chuki to Santaban Harba Majuwa) | M/s. Light Builders Pvt. Ltd., Bhojpur -८ | ४९९,४६४.९४३ | ४९७,९५९.२१९ | ४९३,८३८.६७४ |
| | जम्मा | | ९५३३६७५ | | ८११७७९६ |

२४ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर विभिन्न ७ सफ्टवेयरहरुमा गत वर्षसम्म पालिकाको PAMS अभिलेख अनुसार रु.२२०७६४१/- खर्च लेखेको छ ।यस वर्ष कुनै पनि सफ्टवेयर खरिद नगरेको र गतवर्षसम्मका खरिद गरिएका सफ्टवेयर नविकरण नगरेको र दुईवटा बाहेक चालु अवस्थामा समेत नरहेको पालिकाबाट जानकारी प्राप्त भएको छ ।सफ्टवेयर खरिदको आवश्यकता यस्तो लागत अनुमान , त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

२५ **सम्भाव्यता अध्ययन/डि.पि.आर**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(९) मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत विगत बर्ष सम्म २८ वटा DPR/ IEE अध्ययन प्रतिवेदन बनेको र सोको खर्च रु. १९१०७८८४/- रहेको PAMS बाट देखिएको छ । उल्लेखित DPR मध्ये आ.व. ०७६।७७ को ऐतिहासिक थामेश्वर पाटी भवनको DPR मा खर्च रु.१,९२,१००/- तर DPR कार्यान्वयन नभएको र अन्य कार्यान्वयनमा गएको पालिकाले जनाएको छ । यस बर्ष विभिन्न ३ वटा DPR निर्माण कार्यमा रु. १८३५५००/- खर्च गरेको छ ।यस वर्ष निर्माण भएका डि.पि.आर. ३ मध्ये एकको वजेट सुनिश्चित भएको र २ वटा वजेट विनियोजन नभएको कारण कार्यान्वयनमा गएको देखिएन । यसरी अध्ययन प्रतिवेदन तयार गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन।DPR खरिद कार्यमा आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ । चालु आ.व. मा तयार गरेका डिपिआर तथा परामर्श सेवाको स्थिति देहाय बमोजिम रहेको छ ।

| क्र सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको |
|---|---|---|---|---|---|---|
| १ | बैदार भञ्ज्याङ्ग किमालुङ्ग अफिस रोड | फाईनर इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि | १९७०००. | १९७०००. | ७५८०१८०२.७५ | बजेट विनियोजन नभएको । |
| २ | दिंला नगर अस्पताल ( गान्धी भवन ) | गोरखा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि . | १४६९००. | १४६९००. | ३००००००००. | भारतीय सहयोगबाट सुनिश्चित भएको । |
| ३ | कुनसालिङ्ग गुम्बा डिपिआर | बि. एम . एस . नेपाल प्रा . लि . | १४९१६००. | १४९१६००. | ८०४५५७७७.३४ | बजेट विनियोजन नभएको । |
| जम्मा | | | १८३५५०० | १८३५५०० | १८६२५७५८०.१ | |

२६ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ ।पालिकाले यस बर्ष २ देखि ३ प्रतिशत सम्म कन्टिन्जेन्सी कट्टी रु. १७८६२०१/- गरी एकमुष्ट रुपमा योजना अनुगमन विविध प्रोत्साहन मर्मत इन्धन लगायतमा खर्च लेखेको छ ।तर कन्टेन्जेन्सी खर्चको छुटै अभिलेख तयार गरेको छैन । कन्टिन्जेन्सी खर्चको अभिलेख छुट्टै र व्यवस्थित रुपमा राख्नुपर्दछ । इन्धन खर्चको मापदण्ड तयार गरी खर्च लेख्नुपर्दछ । साथै पालिकाले कन्टेन्जेन्सी रकमबाट अनुगमन, मर्मत, इन्धन

लगायतका चालु खर्च शिर्षकहरु समेतलाई पूँजिगत बजेट शिर्षकतर्फ समावेश गरी खर्च लेखेकोले सार्वजनिक खरिदमा कन्टेन्जेन्सी रकमको खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम कन्टेन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गरिनुपर्दछ ।

२७ **सवारी साधन खरिद** (१५२/2080-12-05):

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. ४,१०,०००/- राजश्व बाँडफाँड अनुदानबाट खर्च लेखेको देखिन्छ । पालिकामा २३ थान २ पाङ्ग्रे सवारी साधन भएको अवस्थामा आवश्यकता विश्लेषण गरेर खरिद गर्नुपर्दछ ।

२८ **हेभि इक्वीपमेन्ट खरिद** (१४६/2081-12-04):

पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष (जे. सि.वि.) व्याक हो लोडर क्याटलग विधिबाट खरिद गरी एम.पि.एस. न्यू अर्थ मुभर्स प्रा.लि.लाई रु.५४,९०,०००/- भुक्तानी गरेको देखिन्छ । पालिकाले गत विगत बर्षमा खरिद गरेको व्याकहोलोडर एक रहेकोमा सो बिग्रिएर मर्मत खर्च बढी आउने हुँदा खरिद गर्नुपरेको जनाएको छ । पालिकाबाट सम्पत्तिको उचित संरक्षण गरिनुपर्दछ ।

२९ **यन्त्र उपकरण सञ्चालन**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको देखिएन ।यन्त्रहरु पालिकाले भेटीनरी औजार र सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम सञ्चालन हुने गरेको छ ।यस्ता उपकरण संचालन गर्दा आम्दानीको तुलनामा २६ प्रतिशत वचत र ट्याक्टर, टिपरमा १२५०४ प्रतिशत न्यून देखिएको छ । पालिकाको यन्त्रहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्र. सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | जे. सि. वि २ | ५४५६६४ | १०३९९२ | ८९१४३ | ९६४०१० | ७३८७९९ | २५५२११ |
| २ | ट्याक्टर ट्रिपर २ | २६०००० | ५८००३२ | २३१३७० | ८५०० | १०७१४०२ | -१०६२९०२ |

यी साधनहरुको प्रयोग भएको कामको अभिलेख राखेको छैन । निर्माण कार्यमा प्रयोग भएको अवस्थामा उक्त कार्यको लागत अनुमान, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन समेत समावेश गर्नु पर्दछ ।

३० **सम्पत्ति उपयोग र संरक्षण**

३०.१ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS v२) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले गत विगत वर्षको मौज्दात रहेको PAMS लागु गर्नुपुर्वको सामानहरुको मूल्य खुलाई public assect management system (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा आ.व. ०७५।०७६ भन्दा अगाडीका सामानहरुको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी अभिलेख अद्यावधिक गरेको देखिएन ।

• घर जग्गा लगत अध्यावधिक नभएको कित्ता नं क्षेत्रफल उपयोगको अवस्था र प्रचलित बजार मूल्य कायम गरि श्रेस्ता अध्यावधिक गरेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्थाको अभिलेख तयार गरेको देखिएन।

• पालिकाको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार ३ जीप रहेकोमा २ वटा बिग्रेको, व्याकहोलोडर २ रहेको मा १ बिग्रेको, स्कुटर १ बिग्रेको अवस्थामा रहेको देखिन्छ ।

**पालिकाको सम्पतिको उचित संरक्षण तथा व्यवस्थापन गर्नुपर्दछ ।**

३०.२ **जिन्सीमा मालसामानको स्थिति-** आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली,२०७७ को नियम ९४ (४) अनुसार कुनै कर्मचारीको जिम्मा रहेको सरकारी सम्पत्ति हिनामिना नहुने गरी लगत श्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा खर्च भएर जाने र खर्च भएर नजाने मालसामान (PAMS V2) मा निम्नानुसार रहेको देखिन्छ । जिन्सी अभिलेख दुरुस्त र अद्यावधिक गरिनुपर्दछ ।

| विवरण | गतआ.व.सम्मको मौज्दात | | चालुआ.व.मा आम्दानी | | चालुआ.व.मा खर्च | | मौज्दातबाँकी | |
|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | जम्मामूल्य | परिमाण | जम्मामूल्य | परिमाण | जम्मामूल्य | परिमाण | जम्मामूल्य |
| खर्च भएर जाने | ० | ०.०० | १२७४४२१ | ३३२२६८७२ | १११४५६५ | २६२०१३३० | १५९८५६ | ७०२५५४२ |
| खर्च भएर नजाने | १०७६७ | १२२४६३०३१.१५ | ७४२ | ४४०७८२९४ | ८४४४ | ४९३८९८९ | ३०६५ | १६१६०२३३६ |

३०.३ **जिन्सी मालसामानको खर्च-** आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली २०७७ को नियम ९४ (४) अनुसार कुनै कर्मचारीको जिम्मा रहेको सरकारी सम्पत्ति हिनामिना नहुने गरी लगत श्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ। आम्दानी भएको जिन्सी मालसामान माग फाराम, हस्तान्तरण फारामको आधारमा खर्च जनाई बाँकी मालसामान जिम्मेवारी सार्नुपर्दछ । जिन्सी अभिलेख PAMS V२ परीक्षणमा नमुना परीक्षणको रुपमा मसलन्द १२ आइटम र औषधितर्फ ८ आईटमको परीक्षण गरिएको छ । खरिद गरिएका मालसामानहरु खर्च नभै मसलन्द तर्फ ४२.५५ देखि १०० प्रतिशतसम्म र औषधितर्फ ३.६४ देखि ७५.७३ प्रतिशतसम्म मौज्दात रहेको देखियो । कार्यालय प्रयोजनको लागी खरिद गरिएका मालसामानहरु मागफाराम र निकासीको आधारमा खर्च नजनाउदा मौज्दातमा बढी परीमाण देखिएको छ । जसले गर्दा आवश्यकता भन्दा बढी जिन्सी खरिद हुन सक्ने जोखिम देखिएको छ । पालिकाले जिन्सी मालसामान आवश्यकताको आधारमा खरिद गरि जिन्सी अभिलेख व्यवस्थित बनाउनुपर्दछ ।

क)मसलन्द मालसामान खरिद र मौज्दात

| सि.नं. | मालसामानको नाम | यस वर्ष आम्दानी | खर्च | बाँकी | मौज्दात रकम | मौज्दात प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | टोनर ३०३ | १०० | ० | १०० | १९०४०० | १०० |
| २ | पेन ड्राइभ | २२ | २ | २० | ३४३५२ | ९०.९१ |
| ३ | मल्टीपलग | ४७ | २ | २० | ३४३५२ | ४२.५५ |
| ४ | हार्डडिस्क | १५ | ५ | १० | ७६५०१ | ६६.६७ |
| ५ | अफिस डायरी | ३६२ | ५२ | ३१० | ६३८८० | ८५.६४ |
| ६ | आम्दानी रसिद | ४०० | ० | ४०० | ५४२४० | १०० |
| ७ | फोटोकपी पेपर | ६५९ | ८६ | ५७३ | ४२२०५५ | ८६.९५ |
| ८ | रजिष्टर | १९७ | ३८ | १५९ | १३८०८६ | ८०.७१ |
| ९ | इण्डेक्स फाईल | ४३६ | ४ | ४३२ | ६३४८० | ९९.०८ |
| १० | बलपेन | १४३६ | ४७५ | ९६१ | १०२२४८ | ६६.९२ |
| ११ | सेनिटरी प्याड | ११२५० | ० | ११२५० | ९११२३२ | १०० |
| १२ | पाइप | ४८६४९ | ४२६४९ | ६००० | २५०८६० | |

**ख) औषधि खरिद र मौज्दात**

| सि.नं. | मालसामानको नाम | अल्या | यस वर्ष आम्दानी | खर्च | बाँकी | मौज्दात रकम | मौज्दात प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | Amoxicillion ५००mg | | १५२५०० | १२००० | ३२५०० | २२७५०० | २१.३१ |
| २ | Cetrizine | | १३७४०० | ८७४०० | ५००० | १५०००० | ३.६४ |
| ३ | Amoxicillion १२५mg | | १९१५ | ६३९ | १२७६ | ३४८२२ | ६६.६३ |
| ४ | Alprazalom ०.२५mg | | ३३८० | ८८२ | २४९८ | ४०२१ | ७३.९१ |
| ५ | AD Syringe १ml | ४८०० | १७०० | ५३७७ | ११२३ | ३६३८ | ६६.०६ |
| ६ | Amoxicillion २५०mg | | ३०८०० | १३८०० | १७००० | १७००० | ५५.१९ |
| ७ | Paracitamol १२५mg | | २००० | ९४८ | १०५२ | १५७८० | ५२.६० |
| ८ | Calamine १५%w/१००ml | | ५१५ | १२५ | ३९० | ११७०० | ७५.७३ |
| | | | | | | | |

३०.४ **औषधीको अभिलेख -** स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन । तसर्थ पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधीजन्य सामाग्रीहरु अभिलेख चुस्त दुरुस्त राख्नुपर्छ ।

३०.५

**जिम्मेवारी नसारेको जिन्सी**- आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली, २०७७ को नियम ९४ (४) अनुसार कुनै कर्मचारीको जिम्मा रहेको सरकारी सम्पत्ति हिनामिना नहुने गरी लगत श्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ। आम्दानी भएको जिन्सी मालसामान माग फाराम, हस्तान्तरण फारामको आधारमा खर्च जनाई बाँकी मालसामान जिम्मेवारी सार्नुपर्दछ । जिन्सी अभिलेख PAMS V२ परीक्षणमा आर्थिक वर्ष २०८०।८१ मा खर्च हुन नसकि बाँकी रहेको मौज्दात परीमाण २२७७८, मुल्य रु.२६,७१,१५८.०० को खर्च भएर जाने मालसामानहरु आर्थिक वर्ष २०८१।८२ मा जिम्मेवारी सारेको छैन । आर्थिक वर्ष २०८०।८१ मा खर्च हुन नसकि बाँकी रहेको तपसिलको खर्च भएर जाने मालसामानहरु जिम्मेवारी सारि जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

| क्र.स. | जिन्सीवर्गीकरण सङ्केत न. | जिन्सीसामानको नाम | मौज्दातबाँकी | | |
|---|---|---|---|---|---|
| | | | एकाइ | परिमाण | जम्मामूल्य रु. |
| १ | ६१६१२०१०७२ | हाईलाइटर | संख्या | ४० | १,०००.०० |
| २ | ६१६१३०१००७ | जग | पिस | २ | १,९५०.०० |
| ३ | ६१६१२०१०७४ | नेपालीकागज | संख्या | ८० | २५,१००.०० |
| ४ | ६१६१४०११२७ | मेजरिङटेप | पिस | १० | ४,५००.०० |
| ५ | ६१६११०११२३ | Harddisk(हार्डडिस्क) | पिस | १ | ९,५००.०० |
| ६ | ६१६११०१०८५ | Networking Cable | संख्या | १ | ९,३७०.०० |
| ७ | ६१६११०१०५९ | टेस्टर | संख्या | १ | १,५००.०० |
| ८ | ६१६१४०१०२२ | सिमकार्ड | संख्या | ३ | १,४५७.०० |
| ९ | ६१६१२०५०६१८ | Epson Printer ID Card Tray | पिस | १ | २,५००.०० |
| १० | ६१६१८०१५३६८ | Thopa Sichai Set | पिस | २ | ८,८५०.०० |
| ११ | ६१६१४०६६७८० | स्टाटर (फेरी) | Unit | १ | १४,०००.०० |
| १२ | ६१६१७०१०५२ | गल /सब्बल (फलामको ) | संख्या | १ | १,२८३.०० |
| १३ | ६१६१२०१२०६ | फोटोपेपर | रिम | १५ | २,२५०.०० |
| १४ | ६१६११०१०९९ | Laptop Keyboard | पिस | १० | ३४,५००.०० |
| १५ | ६१६११०१०२३ | मिटरबक्स | संख्या | २ | ५,२४०.०० |
| १६ | ६१६१२०११३९ | बाइन्डिङटेप(Banding Tape) | संख्या | ५० | ३,५००.०० |
| १७ | ६१६१२०१००९ | स्केल | पिस | १०० | ५,०००.०० |
| १८ | ६१६११०११२६ | आर.जे.४५(RJ ४५) | पिस | २०० | २,६५४.०० |
| १९ | ६१६१२०११५१ | बाइन्डिङकभर सिट | संख्या | ५ | २,५००.०० |
| २० | ६१६१४०४०१२० | Tunning Fork | पिस | ७ | ३,४६९.०० |
| २१ | ६१६१३०१०२० | थर्मस | पिस | २ | ३,५८५.०० |
| २२ | ६१६१२०१०१० | स्ट्याम्पप्याड | पिस | १०० | ६,५००.०० |
| २३ | ६१६१२०१३४६२ | कोब्राफाइल | पिस | १५० | ४,५००.०० |
| २४ | ६१६११०१११० | Fiber Cable | मीटर | १ | ३,९८२.०० |
| २५ | ६१६१२०१०२६ | क्लीप | पिस | २० | २,२००.०० |
| २६ | ६१६११०१००१ | कम्प्युटरमाउस | पिस | २० | ५,०००.०० |
| २७ | ६१६१२०१०५९ | रिङफाइल | संख्या | ८० | ८,०००.०० |
| २८ | ६१६१२०१००१ | पन्चिङमेशिन | पिस | २५ | ५०,०००.०० |
| २९ | ६१६१२०५०६१९ | PVC ID Card | पिस | ७५ | १,१२५.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | ६१६११०६७६४६ | RJ४५ Clamp machine | गोटा | १ | १,३२७.०० |
| ३१ | ६१६१४०९९१४४ | कुसन | गोटा | ७ | ८,८५०.०० |
| ३२ | ६१६१३०१०४२ | बाटा | पिस | ४ | १,७०५.०० |
| ३३ | ६१६१३०१०४० | सिरक/तन्ना/बलाङ्केट | पिस | ३ | ७,९५२.०० |
| ३४ | ६१६१२०१०२८ | कैची | पिस | ५० | ३,७५०.०० |
| ३५ | ६१६१३०१०१४ | हार्पिक | पिस | ५ | २,२५०.०० |
| ३६ | ६१६१२०१०३४ | माईक्लियर व्याग | पिस | २०० | ४,०००.०० |
| ३७ | ६१६१७०१११४ | साबेल | पिस | ४ | १,५४६.०० |
| ३८ | ६१६१४०१११२ | Gear Oil(गियर ओइल) | लिटर | १ | ५,३१०.०० |
| ३९ | ६१६११०३१५५७ | Computer Cooling Fan | पिस | ३ | १,५००.०० |
| ४० | ६१६११०१०४७ | ईलेक्ट्रिकथर्मस | संख्या | १ | ४,३८०.०० |
| ४१ | ६१६१३०११६३ | सिरानी(Pillo) | पिस | ५ | ३,०५५.०० |
| ४२ | ६१६११०१०६० | मल्टीप्लग | संख्या | २७ | १४,८५०.०० |
| ४३ | ६१६१८०१३१२७ | Squwash | प्याकेट | ७० | ३०,८००.०० |
| ४४ | ६१६१४०१०६७ | भलिवल | संख्या | १ | २,६००.०० |
| ४५ | ६१६१२०१२२१ | पुस्तक/किताब | पिस | ३२६ | २५५,७६५.०० |
| ४६ | ६१६११०३६८४९ | Main Switch | पिस | १ | १०,२५०.०० |
| ४७ | ६१६१४०३४००७ | Water Separator | पिस | १ | २,३८९.०० |
| ४८ | ६१६१२०१००५ | रजिष्टर | पिस | ४५५ | ३८,६५०.०० |
| ४९ | ६१६१३०१०२३ | सिलीन्डर | पिस | ४ | १७,६००.०० |
| ५० | ६१६१३०१००९ | फिनेल | पिस | ५ | २,२५०.०० |
| ५१ | ६१६१२०१००४ | पाइलेटपेन | पिस | २९५ | ३२,४५०.०० |
| ५२ | ६१६११०१०१० | केवल(कम्प्युटर उपकरणहरुको) | पिस | ११ | १०,०००.०० |
| ५३ | ६१६१२०१०२४ | ग्लुष्टिक | पिस | २५२ | १७,९१०.०० |
| ५४ | ६१६११०१०२१ | राउटर | पिस | ५२ | ३०८,०९२.०० |
| ५५ | ६१६१२०१००७ | स्टीचपिन | पिस | १५ | ६,७५०.०० |
| ५६ | ६१६१२०११८७ | कार्टेज(Cartage) | पिस | ६५ | ५८,५००.०० |
| ५७ | ६१६११०१०४१ | नेटवर्किङस्वीच | संख्या | १५ | ७४,२८०.०० |
| ५८ | ६१६११०१०७६ | वायरलेसडिभाइस(Wireless Device) | पिस | ३ | ९४,०००.०० |
| ५९ | ६१६१२०१००३ | फोटोकपीपेपर | रिम | ८५ | ४५,९००.०० |
| ६० | ६१६१५०११४२ | Surgicala Gloves | पिस | ५००० | ११६,५००.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | ६१६१२०१००६ | स्टापलर | पिस | ९५ | ८,४७५.०० |
| ६२ | ६१६१३०११०३ | रेगुलेटर | संख्या | १ | १,५००.०० |
| ६३ | ६१६१३०१००८ | गिलास | पिस | ३१ | ३,१३१.०० |
| ६४ | ६१६११०११११ | Media Converter | पिस | २ | १३,८०५.०० |
| ६५ | ६१६१३०१०६८ | अन्यभाडाकुडा | संख्या | ४ | ५,४८०.०० |
| ६६ | ६१६११०१०५० | एन्टीभाइरस | संख्या | १० | १५,०००.०० |
| ६७ | ६१६११०६३४४५ | Computer Graphics Card | पिस | १ | २५,०००.०० |
| ६८ | ६१६१२०१०८३ | परमानेन्टमार्कर | संख्या | २५० | ९,२५०.०० |
| ६९ | ६१६१२०१००२ | टोनर | पिस | ९ | १३,५००.०० |
| ७० | ६१६११०३१५५९ | SMPS | थान | २ | २,०००.०० |
| ७१ | ६१६१४०११४४ | सूचनापाटी | पिस | ५ | १५,०००.०० |
| ७२ | ६१६११०३१५६० | CCTV SMPS २० amp | थान | १ | ३,५००.०० |
| ७३ | ६१६१२०१०१५ | इन्डेक्सफाइल | पिस | ३०० | ६६,०००.०० |
| ७४ | ६१६१५०११५९ | Sanitary Pad(स्यानिटरी प्याड) | प्याकेट | ११५८० | ८६८,८१५.०० |
| ७५ | ६१६१२०११६७ | फाइलस्ट्याण्ड | संख्या | ५ | ४,५००.०० |
| ७६ | ६१६१२०१०४५ | जेलपेन | संख्या | ८७० | २६,३००.०० |
| ७७ | ६१६१२०१०२३ | खाम | पिस | १६०० | ७८,०००.०० |
| ७८ | ६१६१३०१०६६ | मेट्रेस | संख्या | ७ | ८९,४७८.०० |
| ७९ | ६१६११०३१५५८ | Motherboard | थान | १ | ४,३००.०० |
| ८० | ६१६१४०४०१२१ | Snellen Chart Eye | पिस | १५ | २,९३४.०० |
| | | **जम्मा** | | २२७६१ | २६६६१४४ |

## ३१ कृषि पशु अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष ९४०७ जनाको लागि रु. ८२२५०००/- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| पालिकाको अनुदान | | | | लाभग्राही संख्या |
|---|---|---|---|---|
| कार्यक्रम | अनुदान रकम | विवरण | अन्य | |
| ५०% अनुदानमा तेलहन बाली प्रवर्द्धन कार्यक्रम | १, ०० , ००० /- | बीउ | | लुम्ले तोरी- १ - ८० जना ( वडागत लाभग्राही समेत )<br>मोरङ तोरी- २ - ८० जना ( वडागत लाभग्राही समेत ) |
| ७५ % अनुदानमा सुक्ष्म खाद्यतत्व तथा मोहनी पासो खरीद कार्यक्रम | १, ६५ , ००० /- | | विषादी ढुसीनाशक, कीटनाशक विषादी | जम्मा- ५००० जना ( वडागत लाभग्राही समेत )<br>ढुसीनाशक विषादी ( कार्बेन्डाजिम ) |
| ७५ % अनुदानमा रोग किरा नियन्त्रणका लागि विषादी खरिद कार्यक्रम | ४, ५० , ००० /- | | | |
| ८५% अनुदानमा कृषि चुना वितरण कार्यक्रम | २, ०० , ००० /- | | रकमान्तर गरिएको | जम्मा - ५०० जना ( फौजीकिरा नियन्त्रण ) |
| ५०% अनुदानमा जडिबुटि खेति प्रवर्द्धन कार्यक्रम अन्तर्गत यान्त्रीकरण | ३, ८५ , ००० /- | | मिनिटिलर | जम्मा - १२ जना |
| वडा नं. १ , २ , ३ मा ५० % अनुदानमा मकैको बीउ वितरण कार्यक्रम | १, ०० , ००० /- | बीउ | | जम्मा - २५० जना<br>मनकामना - ३ , गणेश - १ |
| ५० % अनुदानमा कफिको वेर्ना वितरण कार्यक्रम | ४, ५० , ००० /- | बेर्ना | | जम्मा - ६४ जना |
| ७५ % अनुदानमा चिराइतोको प्याकिङ्ग मेशिन खरीद वडा नं . ९ , १० | १, ४१ , ६६७ /- | | रकमान्तर गरिएको<br>मिनिटिलर | जम्मा - ४ जना |
| ५०% अनुदानमा तिनपाते सुन्तलाको बीउ बिजु खरिद | २, ०० , ००० /- | | नमूना कृषि केन्द्रमा उत्पादन प्रयोजनार्थ | ५००० वेर्ना ग्राफ्टिङ्गको लागि तयार गरिएको<br>इन्सेक्ट नेट , हजारी , cutting budding knife, polybag |
| ५०% अनुदानमा सुन्तला बालीमा देखा परेको ग्रिनिङ्ग रोग नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम | १, ५० , ००० /- | | विषादी | जम्मा - १८ जना |
| ७५ % अनुदानमा उखु पेल्ने मेशिन खरीद वडा नं १२ | ३, ३३ , ३३३ /- | | १ सेट मेशिन | पन्चकन्या देवि उखु कृषक समूह<br>वडा नं १२ |
| ५०% लागत साझेदारीमा भर्मिक कम्पोष्ट मल उत्पादन कार्यक्रम | १, ५० , ००० /- | व्यवसायिक टिमुरको खेति प्रवर्द्धन कार्यक्रम | रकमान्तर गरिएको | पन्चकन्या कृषि सहकारी<br>वडा नं - ९ |
| ५० % अनुदानमा प्राङ्गारिक मल उत्पादन कार्यक्रम | १, ०० , ००० /- | | | जम्मा - ५० जना<br>वडा नं - ६ |

| | | | | |
|---|---|---|---|---|
| ७५ प्रतिशत अनुदानमा लागत साझेदारीमा अलैचीको दोस्रो नर्सरी स्थापना सहयोग कार्यक्रम | १५००००/- | | विरुवा तथा भौतिक संरचना | शुभ विहानी कृषक समूह<br>वडा नं- ४ |
| कफी खेती प्रवर्द्धन कार्यक्रम | १०, ०० , ००० /- | | प्रदेश सशर्त | जम्मा - २५ जना |
| कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम | १०, ०० , ००० /- | | प्रदेश सशर्त | जम्मा - ४२ जना |
| नमूना कृषि केन्द्र स्थापना निरन्तरता | ३, ०० , ००० /- | | | स्थानीय रोजगारी सिर्जना- २० जना |
| रसायनीक मल ढुवानी कार्यक्रम | २०, ०० , ००० /- | | | जम्मा - ३५०० जना |
| किसान परिचयपत्र वितरण कार्यक्रम | १, ०० , ००० /- | | रकमान्तर गरिएको | कृषि मेला प्रर्द्धशनी वडा नं १० |
| आवश्यकीय कृषि मुलक सूचना प्रकाशन मौसमी पात्रो तथा वार्षिक कार्यपात्रो प्रकाशन. | ७५, ०००० /- | | | अकबरे खोर्सानी र सुन्तलाको बाली पात्रो<br>जम्मा- १५०० |
| कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैक सुदृढीकरण कार्यक्रम | ५, ०० , ००० /- | | संघीय सर्शत | कृषि जैविक विविधत मेला संचालन गरिएको<br>१४ वटै कृषक समूहहरु लाभान्वित |

पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

## ३२ मल ढुवानी अनुदान

पालिकाको आ.व.२०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखा मार्फत सञ्चालन गरिने रासायनिक मल ढुवानी अनुदान कार्यक्रम शिर्षकमा रु. २० लाख विनियोजन गरेको देखियो । पालिकाले उपलब्ध गराएको कोटा बमोजिमको रासायनिक मल नव प्रतिभा सहकारी संस्थाबाट सम्बन्धित वडाहरुमा विक्रि वितरण गरेको वडा सिफारिसबाट देखिएको छ । नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको मिति २०७७।५।१ मा स्वीकृत अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १७ (६) बमोजिम पालिकाले २०८१।५।१३ को निर्णय अनुसार जिल्ला र स्थानिय दररेट अनुसार ढुवानी भाडा वापत प्रति के.जि. जिल्ला दररेट रु. ४.५० स्थानीय दररेट रु ५.५० पालिका केन्द्रबाट वडा केन्द्रहरुमा प्रति के. जि. र प्रति कि. मि. का आधारमा रु.२ समेत रु. १२ पालिका अनुदान र संस्था सञ्चालन वापद रु. १ कृषकले व्यहोर्नुपर्ने गरी मलको आपूर्ति गर्ने निर्णय भएको देखिन्छ ।पालिकाबाट २२५४५० के.जि. को मल ढुवानी अनुदानबाट २२०५ कृषकहरुले उक्त अनुदानको मल खरिद गरेकोमा प्रति किसान औषत रु.१२००/- ढुवानी अनुदान रकमको रु.२६५२१८०/- ढुवानी खर्च भएको देखिन्छ । सो ढुवानी वापतको परीमाणमा सहकारी संस्थाले गरेको ढुवानी र मल खरिद तथा वितरण अबधि नभिडेको र समयमा नै कृषकहरुले मल प्राप्त गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । अनुदान रकमको अनुगमन गरी उपलब्धि मापन गर्नुपर्दछ ।

| गो. भौ . नं . र मिति | अनुदान भुक्तानी पाउने | अनुदान रकम | परिमाण | खरिद गर्ने कृषक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १७।२०८१। १०।९ | नव प्रतिभा कृषि सहकारी संस्था लि. | ७५८४०० | ६३२०० के. जी . | ७१४ जना | नगरस्तरीय |
| २६।२०८१। ११।८ | नव प्रतिभा कृषि सहकारी संस्था लि. | ४७८९८० | ४४३५० के. जी . | ३१५ जना | नगरस्तरीय |
| ५९५।२०८२। २।१ | नव प्रतिभा कृषि सहकारी संस्था लि. नव प्रतिभा कृषि सहकारी संस्था लि . | ४५३००० | ३७७५० के. जी . | ३०१ जना | वडा नं ११ र १२ को बजेट |
| ४०।२०८२। २।९ | नव प्रतिभा कृषि सहकारी संस्था लि. नव प्रतिभा कृषि सहकारी संस्था लि . | १५३६०० | १२८०० के. जी . | २४९ जना | नगरस्तरीय |
| ४५।२०८२। ३।६र<br>७०९।२०८२। ३।६ | नव प्रतिभा कृषि सहकारी संस्था लि. नव प्रतिभा कृषि सहकारी संस्था लि . | ३१४४०० | २६२०० के. जी . | ३१५जना | नगरस्तरीय र वडा नं १२ को बजेट बाट |
| ३०।०८१। १२।७ र<br>१६३।०८१। १२।७ | नव प्रतिभा कृषि सहकारी संस्था लि. नव प्रतिभा कृषि सहकारी संस्था लि . | ४९३८०० | ४११५० के. जी . | ३१५जना | नगर र वडा नं ६ बाट |
| जम्मा | | २६५२१८० | २२५४५० | २२०९ | |

### ३३ विपन्न नागरिक आर्थिक सहायता

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत यस वर्ष पालिका क्षेत्रका ३८ जनालाई विभिन्न कडाजन्य रोगको लागि रु . ३८०००००/- खर्च भएको विवरण प्राप्त भएको छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम खुल्ने विवरण सम्वन्धित अस्पतालबाट प्राप्त गरी लक्षित वर्गले उक्त अनुदान वा सहायता पाए नपाएको बारेमा अनुगमन र विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

### ३४ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ७१ संघसंस्था र व्यक्तिहरुलाई रु. ९०१३४१/- आर्थिक सहायता वितरण गरेको छ । पालिकाले यस्तो सहायता वितरण गर्दा आर्थिक सहायता संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० कार्यान्वियनमा ल्याएको देखियो । यस प्रकारका खर्चको सार्वजनिकीकरण समेत गरिनुपर्दछ ।

### ३५ उपचार सहायता

स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट २९ जनालाई विभिन्न कडाजन्य रोगको लागि रु १४१००००/- खर्च भएको विवरण प्राप्त भएको छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

### ३६ **निःशुल्क शिक्षाः**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका ७० विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

### ३७ **सेवा प्रवाह**

स्थानिय सरकार संचालन ऐन, २०७४ मो दफा ११ मा स्थानिय सरकारको काम, कर्तव्य र अधिकार सम्वन्धमा उल्लेख गरेको छ । प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०८१।०८२ मा निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । विकास निर्माण कार्यको अभिलेख समेत व्यवस्थित गरिनुपर्दछ ।

| सि .नं. | विवरण | विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या |
|---|---|---|
| १ | विवाह दर्ता | ३०७ |
| २ | जन्म दर्ता | ७३८ |
| ३ | मृत्यु दर्ता | ३०५ |
| ४ | बसाईसराई दर्ता | सरिजाने २१३ आउने ३७ |
| ५ | सम्वन्ध विच्छेद | ३९ |
| ६ | घरनक्सा सिफारीस | १ |
| ७ | ग्रभेल सडक निर्माण | १२.४ |

### ३८ **आन्तरिक आयः**

३८.१ आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३५००००००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.२३४६०९३६/- अर्थात अनुमान भन्दा ६७.०३ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३८.२ राजश्व असूली- पालिकाले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः

| राजश्वको नाम | २०८०।८१ को असूली | २०८१।८२ को असूली | घटि प्रतिशत |
|---|---|---|---|
| नगरपालिका आन्तरीक | २५३६०८०२ | २३४६०९३६ | ७.४९ |

पालिकाको गत वर्षको तुलनामा यस वर्ष ७.४९ प्रतिशतले घटी राजस्व असुली भएको देखिन्छ । तर पालिकाले दहत्तर बहत्तर बापतको आय रु. ३८७५५७५/- आन्तरिक आयमा समाबेस नगरी विविध खातामा आम्दानी गरी राजश्व बाँडफाँड खातामा ट्रान्सफर गरेको देखिन्छ । सम्बन्धित आय शिर्षकमा राजश्व आम्दानी बाँध्नुपर्दछ ।

३८.३ आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च रु | आन्तरिक आयरु | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२६१८०१७०/- | २३४६०९३६/- | ७.१९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.१९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३८.४ कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान रु . | असुली रु . | असुली प्रतिशत | गत बर्षको असूली रु . |
|---|---|---|---|---|
| सम्पत्ति कर | २८६५९५१ | ४४९६२५ | १५.६८ | ३३७०८७ |
| वहाल कर | २००००० | ५३५५०१ | २६७.७५ | २७७५९९ |
| व्यवसाय कर | ५९०७५ | ५९०७५ | १०० | २००० |
| बहाल विटौरी कर | १३०००० | १०६५५० | ८२.०३ | १४६८८५ |

वित्तिय प्रतिवेदन अनुसार यस बर्ष रु. ५९०७५/- कर संकलन गरेता पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने गरेको छ ।गत बर्षको असूलीको तुलनामा यस बर्ष सम्पत्ति कर , बहाल कर व्यावसाय कर बढेको तथा बहाल विटौरी कर घटेको देखिन्छ ।आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३८.५ असुली गर्न बाँकी आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । तर पालिकाले फालिचौतारा कफी हाउसको बहाल सम्बन्धी सुभास कठेतसँग मिति २०८०।१२।२० मा मासिक रु २०२००/- भाडा दिनुपर्ने गरी सम्झौता गरेको देखियो आ व २०८१।८२ मा प्राप्त हुनुपर्ने बार्षिक रु. २४२४००/- मध्ये रु १२००००/- मात्र ०८१।१२।२० मा पालिकाको आन्तरीक आयबाट दाखिला भएको छ । उठ्न बाँकी रकम रु. १२२४०० /- नियमानुसार व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,४०० |

३८.६ राजश्व वाँडफाँड - कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ७(४) मा प्राकृतिक स्रोत संकलन तथा विक्री शुल्कबाट संकलित राजश्व स्थानीय विभाज्य कोषमा जम्मा गरी ४० प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गरेको देखिएको छ ।

| आय शीर्षक | संकलित रकम रु. | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | १२५३४४६ | ५०१३७९ | १५५०२३० | मिति २०८२।१।१७ र २५ मा पठाएको |
| अमानत | २३४१८५८ | ९३६१४३ | | |
| जम्मा | ३५९६३०४ | १४३७५२२ | १५५०२३० | |

३८.७ **दहत्तर बहत्तरको आय ठेक्का** - पालिका र निर्माण सेवा प्रा.ली. बीच अरुण नदीको IEE प्रतिवेदनमा तोकिएको खुवा दोभान वडा नं १२ क्षेत्रबाट ढुङ्गा , गिटी र बालुवा उत्खनन् तथा विक्रि वितरण गर्ने कार्यको लागी रु १४१६३९५।२५ (मु.अ. कर समेत )कबोल अंकमा संम्झौता गरेको देखियो ।यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन ।

(क) पालिकाबाट पहिलो पटक मिति २०८१।४।२५ मा IEE प्रतिवेदनमा तोकिएका विभिन्न उत्खनन् क्षेत्र तोकि न्यूनतम रु. ३५८३८०१/- अंक तोकेकोमा पहिलो र दोस्रो पटक पनि बोलपत्र दाताबाट कबोल नगरेको कारण मिति २०८१।६।२० मा ४ क्षेत्र मात्र तोकी खण्ड-खण्डको पुनः प्रथम पटक सूचना प्रकाशन गरेकोमा पुन:दोस्रो पटक २०८१।७।३० मा ४ खण्डको लागि तेस्रो पटक मिति २०८१।८।१८ मा पुनः प्रकाशन गरेकोमा एक मात्र बोलपत्र दाताले एकमात्र क्षेत्रको रु. १४१६३९५ /- मा कबोल गरी सम्झौता गरेको देखियो ।ठेक्का नलागेको कारण उल्लेख गरी अमानतबाट रु.2341858 समेत आय संकलन गरेकोमा उत्खनन् क्षेत्र र परीमाण खुलेको देखिएन ।

(ख) सम्झौताको सर्तमा अनुगमन समिति तथा पालिकाले अनुगमन गरी निर्देशन दिएको, उत्खनन् अवधि बिहान ७ बजेबाट बेलुका ५ बजेसम्म मात्र तोकिएको, नदीजन्य पदार्थको मौज्दात आर्थिक बर्षको अन्यमा शुन्य गर्नुपर्ने, वन क्षेत्र भएर उत्खनन् क्षेत्र जानुपर्ने भए वन कार्यालयसँग सम्पर्क र समन्वय गर्नुपर्ने समेतका प्रावधानहरु रहेकोमा उल्लेखित प्रावधानहरुको परिपालनाको अभिलेख संलग्न नरहेकोले सो को परिपालना सम्बन्धमा यकिन हुन सकिएन ।

(ग) IEE प्रतिवेदन अनुसार खुवा दोभान वडा नं १२ क्षेत्रमा कुल परिमाण १४७०६ घन मिटर तोकि दैनिक उत्खनन् गर्न मिल्ने परिमाण ५०७१ घन मिटर र दैनिक सिफारिस गरीएको ३३७१ घन मिटर रहेकोमा सम्झौतामा उत्खनन् परीमाण र सो को अनुगमन गरेको अभिलेख संलग्न नरहेकाले के कति परीमाणमा उत्खनन् भएको हो सो यकिन गर्न सकिएन ।

(घ) IEE प्रतिवेदन अनुसार १४७०६ घन मिटरको बार्षिक रुपमा प्राप्त हुने आम्दानीमा ढुङ्गा , गिटी र ग्राभेलको बार्षिक सिफारिस परिमाण २४२३५९.७८ क्यू.फिटको कोशि प्रदेश आर्थिक ऐन, को अनुसूची ४ अनुसार प्रति क्यू .फिट रु. ७ र बालुवा परिमाण १०३८६८.४७ क्यू.फिटको प्रति क्यू.फिट रु.६ का दरले जम्मा रु २३१९७२९।३४ यस क्षेत्रको बार्षिक आम्दानी हुने प्रस्ताव रहेकोमा यस क्षेत्रबाट मु.अ. कर बाहेक रु. १२५३४४६/- आम्दानी गरेको देखिन्छ । IEE प्रतिवेदनले तोकेको प्रस्ताव रकम भन्दा रु. १०६६२८३/- ले कम आय संकलन भएको तुलनात्मक विवरणबाट देखिएको छ । संकलन गरेको सवै परीमाणबाट प्राप्त हुने आय पालिकामा प्राप्त भएको सुनिश्चित गर्नुपर्दछ ।

३८.८ **अमानतबाट दहत्तर वहत्तर राजश्व संकलन-** नगर कार्यपालिकाको मिति २०८०।११।१७ गतेको निर्णय र मिति २०८१।०४।२८ गतेको नगर प्रहरी इन्चार्जलाई जिम्मेवारी तोकेको पत्रानुसार राजश्व संकलनको लागी विहान ७ बजेदेखि बेलुका ७ बजेसम्म दहत्तर वहत्तर राजश्व संकलन गर्ने निर्णय गरेको देखियो । उक्त निर्णयानुसार २ जना नगर प्रहरी मार्फत ५०९ थान नगदी रसिद प्रयोग गरी रु.१२८९११८०/- आम्दानी तथा बैंक दाखिला भएको विवरणबाट देखिएको छ।नगदी रसिदबाट प्राप्त भएको आम्दानी मध्ये रु.२३४१८५८/- दहत्तर वहत्तर बापतको आय प्राप्त गरेको विवरणबाट देखिन्छ। यसरी दहत्तर वहत्तर राजश्व संकलन गर्दा IEE प्रतिवेदनमा उल्लेख भएको क्षेत्र र परिमाण तोकेको छैन । राजश्व संकलन गर्ने क्षेत्र र परिमाण नतोकेको कारण कुन कुन क्षेत्रबाट के कति परिमाणमा राजश्व संकलन तथा निकासी भएको हो अभिलेख पेश हुन नआएकोले यकिन गर्न सकिएन ।

३८.९ **निकासी कर** - नगरपालिकाको मिति २०८१।३।९ मा स्वीकृत भएको आर्थिक ऐन, २०८१ को दफा १६ मा वस्तु तथा सेवाको निकासी गर्दा अनुसुचि १४ बमोजिम निकासी कर लगाउने र असुल उपर गरिने एवं दफा २० मा अनुसुचि १४ मा तोकिए बमोजिम दण्ड जरिवाना समेत असुल गर्न सक्ने उल्लेख छ । प्राप्त विवरण अनुसार यस बर्ष अन्य क्षेत्रको आयमा रु. ३१७१४९०/- र दण्ड जरिवानामा रु. १५०००/- राजश्व असुली गरेको दिखिन्छ ।निकासी कर लिन पाइने वस्तुमा सुन्तला , काठ, दाउरा , वन पैदावर ,रुद्राक्ष लगायतका ३० वस्तुहरुमा कर असुल उपर गरीने उल्लेख रहेकोमा शिर्षकगत राजश्व आम्दानीको अभिलेख पेश नभएको र काठ दाउराको मात्र राजश्वको हिस्सा रहेको पलिकाबाट जानकारी प्राप्त भएको छ । निकासी करबाट समेत राजश्वको अभिलेख गर्नेतर्फ ध्यानदिनुपर्ने देखिएको छ ।

३८.१० **नगदी रसिद छपाई**- नगदी रसिदको आम्दानी तथा खर्चको अभिलेख राख्नको लागी म.ले.प. फा. न. ९०४ रसिद नियन्त्रण खाताको प्रयोग गर्नुपर्ने व्यवस्था छ । प्राप्त विणरण अनुसार गत बर्षको मौज्दात नगदी रसिद थान ५ रहेकोमा यस बर्ष ५२४ थान छपाई गरी ४६० थान देखिएको छ । खर्च भएका नगदी रसिदको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

## ३९ आय ठेक्कामा मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तह मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। आय ठेक्का अमानतबाट ढुङ्गा गिटी बालुवा उत्खनन् तथा विक्रि वितरण वापत संकलन गरेको देहाय बमोजिमको मूल्य अभिवृद्धि कर रु. ४६७३७९/- दाखिला गरेको देखिएन । उक्त रकम पालिकाले सङ्घीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६७,३७९ |

## ४० नवीकरण शुल्क

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। इजाजतपत्र लिएका 6 निर्माण व्यवसायिहरु मध्ये आ.ब. २०८०।८१ मा नवीकरण नगरेका ३ व्यावसायिबाट रु. १५०००/- प्राप्त गरेको देखिएन। ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर समेत लिई गत विगतको शुल्क समेत असूल गर्नुपर्ने रु.

| क्र. स . | निर्माण व्यवसायी | ०८०।८१ को नविकरण शुल्क | जम्मा बाँकी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | राधाकृष्न कन्ट्रक्सन | ५०००/- | १५०००/- | ३ बर्षको |
| २ | जनकल्याण कन्ट्रक्सन | ५०००/- | १५०००/- | ३ बर्षको |
| ३ | मैपुङ पाण्डा कन्ट्रक्सन | ५०००/- | १५०००/- | ३ बर्षको |
| ४ | जम्मा | १५०००/- | ४५०००/- | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

## ४१ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार पालिका भित्रका १९ वटा सहकारी संस्था मध्ये १३ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको देखिएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| सहकारी संस्थाको विवरण | | |
|---|---|---|
| सि. न . | सहकारी संस्था | संख्या |
| १ | कोपोमिसको पासवर्ड प्राप्त गर्ने सहकारी संख्या | ११ |
| २ | कोपोमिस मार्फत आ. ब . ८० / ८१ को समष्टिगत प्रतिवेदन पठाउने सहकारी संख्या | ६ |
| ३ | कोपोमिस मार्फत मासिक प्रतिवेदन पठाउने औसत सहकारी संख्या | ६ |
| ४ | कोपोमिस मार्फत साधारण सभाको जानकारी पठाउने सहकारी संख्या | ० |
| ५ | कोपोमिस मार्फत साधारण सभाको प्रतिवेदन पठाउने सहकारी संख्या | ० |
| ६ | कोपोमिस मार्फत सम्पत्तिसुद्धिकरण सम्वन्धी विवरण पठाउने सहकारी संख्या | ० |
| ७ | कोपोमिस मार्फत बैठक सम्वन्धि विवरण पठाउने सहकारी संख्या | ० |
| ८ | कोपोमिस मार्फत निर्वाचन विवरण पठाउने सहकारी संख्या | ० |

## ४२ सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत सामुदायिक वनको दर्ता अभिलेख नरहेको तर १ वटा सामुदायिक वन बाट रु. १४३९०/- राजश्व प्राप्त गरेको देखिन्छ। वन पैदावारको विक्री वापतको प्राप्त हुने रकम वन कार्यालयसँग समन्वय गरी आम्दानी गरिनुपर्दछ ।

## ४३ स्वास्थ्य तर्फः

४३.१ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गतका ८ बर्थिङ सेन्टरमा गत वर्षको मौज्दात ५५ र यस वर्ष इश्वरा इन्टरप्राइजेज बाट ११० थान खरिद भइ रु. ९९,८४२/- खर्च गरेको छ । यस आर्थिक वर्षमा १०७ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । खरिद गरिएका १४५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४३.२ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १८०१ जना रहेका छन। जस्मीन हाइजिङ्ग प्रोडक्स प्रा.लि. बाट ११२५० थान स्यानिटरी प्याड रु.९११२३२ (मु अ कर समेत) मा खरिद गरेको छ। गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि ११२५० थान नै मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी आउन सक्ने देखिन्छ । तसर्थ आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४३.३

**औषधि खरिद** - पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष इ विड र सोझै खरीद विधिबाट औषधि खरिद गरी ६ फर्मलाई रु.३०,५३,७९०/- भुक्तानी दिएको छ। औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

(क) नि:शुल्क **औषधीको म्याद** - औषधीको म्याद समाप्त हुने मिति र नि:शुल्क वितरणको लोगो भए/नभएको उदाहरणको लागि ५ वटा परीक्षण गर्दा देहाय बमोजिम देखिएको छ ।

| सि. नं . | औषधीको नाम | म्याद समाप्त हुने मिति | नि: शूल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | Paracetemol (५०० mg) | August-२०२६ | IS only |
| २ | Amoxicilling (५०० mg) | June-२०२७ | IS only |
| ३ | Cetirizine (१० mg) | March-२०२७ | नभएको |
| ४ | Ibuprofen (४०० mg ) | Febuary २०२७ | IS only |
| ५ | Panitadine (१५० mg) | May-२०२७ | IS only |

**(ख) औषधि खरीद :** पालिकाबाट यस बर्ष खरीद गरेको औषधिको विवरण देहाय बमोजिम रहेको छ ।

| गो. भो . न. र मिति | भक्तानी विवरण | रकम | खरिद विधि |
|---|---|---|---|
| ७।०८१।८।२३ | बहुमेडिलिङ्क प्रा लि | ९८९०९३ | सोझै |
| २।०८१।११।१२ | भोलेनाथ मेडिसेल्स प्रा. लि . | १५४००० | सोझै |
| ३०।०८२।२।२ | रुप्सा मेडिसेल्स प्रा. लि . | ३८२६५० | सोझै |
| २९२।०८२।३।९ | शंकर कन्सर्न | ५८३२५० | e-bid |
| ४२०।०८२।४।२४ | डालिमा मेडिसेल्स प्रा. लि . | ३८७१७५ | e-bid |
| ४२१।०८२।४।२४ | युदिप मेडिको सप्लायर्स | ५५७५८२ | सोझै |
| जम्मा | | ३०५३७९० | |

**(ग) म्याद समाप्त भएका औषधि :** पालिकाबाट प्राप्त विवरण अनुसार स्वास्थ्य कार्यालय भोजपुरबाट प्राप्त भएका औषधिहरु मध्ये विभिन्न १० प्रकारका २१७७ परीमाणका औषधिहरु प्रयोग नभई म्याद समाप्त भएको देखिएको छ ।औषधिको समयमानै उचित व्यवस्थापन गर्नुपर्दछ ।

| s.n. | drug list | quantity | Unit | expiry date | price |
|---|---|---|---|---|---|
| १ | navimalham/CHx | २५ | Tube | २०२४ | i.s. |
| २ | metformin ५०० mg | १००० | Tab | jan,२०२४ | २०/strip |
| ३ | wright stain | ३ | Bottle | | i.s. |
| ४ | mgso४ | २० | Vial | ११२,०२४ | i.s. |
| ५ | calcium gluconate | ३३८ | Vial | ९२,०२५ | ६१.५ |
| ६ | adrenaline | १० | Inj | jan,२०२४ | १४. ९ . |
| ७ | salbutamol ४ mg | ५०० | Tab | aug,२०२५ | i.s. |
| ८ | carbamazepine | ३०० | Tab | dec,२०२४ | i.s. |
| ९ | aspirin | १०० | Tab | nov,२०२४ | i.s. |
| १० | iron | ५८२०० | Tab | २५-May | i.s. |
| ११ | lignocaine २ % | १० | Vial | २०२४, ७ | ३६.५८ |
| १२ | clocacillin २५० mg | १०० | Tab | dec,२०२४ | i.s |
| १३ | misoprostol | ४० | Tab | २०२४, ८ | i.s |

४४ **एम्बुलेन्स यातायात संचालन** (356-2082-03-18):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२८८,७४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५ **कार्यविधि वेगरका कार्यक्रम खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सृजना हुने अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । देहाय बमोजिमका कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सो बाट प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च आवश्यकताका आधारमा पारदर्शी तवरले गर्नुपर्दछ । केही उदाहरणहरु देहायबमोजिम छन ।

| गो.भौ.नं /मिति | भुक्तानी विवरण | रकमरु. | कैफियत |
|---|---|---|---|
| ३।०८१।६।१५ | न.पा. जात्रा पर्व | ३९६७० | खाना, खाजा, साउण्डसिस्टम लगायतको खर्च |
| ७।०८१।८।२६ | बाला चतुर्दशि तथा रामनवमी मेला कार्यक्रम | ३००००० | विज्ञापन,खाना, खाजा, साउण्डसिस्टम लगायतको खर्च |
| १३।०८१।११।१० | जेष्ठ नागरीक सम्मान कार्यक्रम पूर्वाञ्चल डेन्टल प्रा.लि. | ३९८७५० | २३ सेट र खुद्रा ८९ वटा दाँत खरिद |
| २०।०८२।१।२२ | नेपाल डाँडा खेलकुद विकास समिति | ५०००० | |
| २१।०८२।१।२६ | भोजपुर बहिरा संघ | १००००० | खाना सिरक ,डसना खर्च |
| २६।०८२।३।६ | षडानन्द सिताराम गुठी | ५०००० | खाना , सिरक , डसना, तन्दा खर्च |
| २९।०८२।३।१७ | दलित समन्वय परिषद | २००००० | तालिम सामाग्री |
| ३१।०८२।३।१८ | साकेला पर्व न.पा. | ७०००० | मायाको चिनो र कपडा |
| ४०।०८२।३।१९ | खेल इद कार्यक्रम | ६८०२० | खाजा, खाना, यातायात |
| | जम्मा | ११७६४४० | |

४६ **विमा तथा नविकरण**

४६.१ (870-2082-03-22):
**बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **७,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४६.२ (870-2082-03-22):
**पेश्की फस्यौंट**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४७ **श्रमको सम्मान कार्यक्रम-** (254-2082-02-02):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । श्रमको सम्मान राष्ट्रको अभियानमा १ दिने श्रमदानको कार्यक्रममा २०८१ चैत्र ९ गते दिङ्ला- सतिघाट पक्की सडकको ड्रेन र आसपासका झाडी सरसफाई कार्यक्रममा सहभागी भए वापत ४८ जनालाई रु.१००० का दरले रु.४८००० सहभागी भत्ता प्रदान गरिएको भरपाईको आधारमा निमदोर्जे तामाङ्गलाई भुक्तानी गरेको छ । श्रमको सम्मान राष्ट्रको अभियानको १ दिने निःशुल्क श्रमदान कार्यक्रममा सहभागीलाई रु.१००० का दरले भत्ता वितरण गरिनु नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ४८,००० |
|---|---|

४८ **विद्यालयको पेशागत क्षमता विकास** - (871-2082-03-23):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **१६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रम खर्च**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १३ वडामा १३ योजना सञ्चालन गरी यस वर्ष ९९ जनालाई औसत ९९.५३ दिनले ९८८३ दिन रोजगारी उपलव्ध गराई रु. ६७,००,०४०/- श्रमिक ज्याला खर्च गरेको छ । नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५० **अनुगमन भत्ताः**

५०.१ (30-2082-03-06):
**विद्यालय कार्यक्रम अनुगमन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५०.२ **तरकारी खेती कार्यक्रम अनुगमन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१७** को निर्णयले रू **१३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **१४,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५०.३ (871-2082-03-22):
**पेशागत क्षमता विकास तालिम कार्यक्रम अनुगमन**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **क्याम्पसलाई अनुदान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) को (ज) (२०) मा माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने पालिकाको काम कर्तव्य र अधिकार तोकेको छ । कार्यपालिकाको निर्णय अनुसार पालिकाले षडानन्द बहुमुखि क्याम्पस सञ्चालन अनुदान वापत रु. १५,००,०००/- भुक्तानी गरेको देखिन्छ । उक्त सञ्चालन अनुदान रकम शिक्षक तथा कर्मचारीहरुको तलब , भत्ता लगायतका प्रशासनिक खर्च गरेको जनाएको छ । पालिका मातहत विद्यालयहरुको कार्यक्षेत्र कक्षा १२ सम्म मात्र रहेकाले कार्यक्षेत्र भन्दा बाहिरको शिक्षक एवं कर्मचारीको लागी तलब भुक्तानी गरेको नियमसम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | १५,००,००० |

५२ **जिन्सी निरीक्षण समिति वैठकः** (75-2081-06-15):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५३ **वडा कार्यालयको खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१ (क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ ले वर्गीकरण गरेको खर्च संकेत अनुसारको खर्च गर्नुपर्नेमा १४ वटा वडामा विभिन्न शिर्षकमा जम्मा रु.१,४३,५३,९६५.०० खर्च भएकोमा विविध शिर्षकमा रु.८,१३,९११.०० खर्च (५.६७.%) गरिएको छ ।कुल खर्च रकमको १.३६ देखी ११.३३ प्रतिशतसम्म विविध शिर्षकबाट खर्च लेखेको देखियो। तोकिएको खर्च संकेत अनुसार बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा सुधार गरिनुपर्दछ ।

| वडा | कुल खर्च | कार्यालय संचलान | प्रतिशत | विविध खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १३४८६५२ | ४९९९० | ३.७१ | ४६९४५ | ३.४८ |
| २ | ६३१९९९ | ४२००० | ६.६५ | ७०००० | ११.०८ |
| ३ | ८०८०३२ | १९८२५ | २.४५ | ४४७०० | ५.५३ |
| ४ | १०७३८०९ | ६०००० | ५.५९ | ४४८८० | ४.१८ |
| ५ | ९००४०१ | ५३६०० | ५.९५ | ५९६२४ | ६.६२ |
| ६ | १४६७०६९ | ४४९९० | ३.०७ | २०००० | १.३६ |
| ७ | ८८२७५० | ७७००० | ८.७२ | १००००० | ११.३३ |
| ८ | ७३२६९४ | | ०.०० | ५५००० | ७.५१ |
| ९ | ७९८८०२ | | ०.०० | २३००० | २.८८ |
| १० | ११९४९३९ | ८९९९० | ७.५३ | ८१८५० | ६.८५ |
| ११ | १०८१६८२ | १७९०० | १.६५ | १७८१० | १.६५ |
| १२ | १४८६७०० | | ०.०० | ९९९५२ | ६.७२ |
| १३ | ८७३४२८ | | ०.०० | ५०१५० | ५.७४ |
| १४ | १०७३००८ | | ०.०० | १००००० | ९.३२ |
| जम्मा | १४३५३९६५ | ४५५२९५ | ३.१७ | ८१३९११ | ५.६७ |

५४ **पदाधिकारी सुविधा**

५४.१ **पदाधिकारीको अनुगमन सुविधा** - गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को ३(१) संग सम्वन्धित अनुसूची १ख मा पालिकाबाट मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । नगरप्रमुख-१, नगरउपप्रमुख-१, वडा अध्यक्ष-१४, र कार्यपालिका सदस्य- ५ जना गरी २१ जनालाई अनुगमन भत्ता वार्षिक रु.११,४०,०००/- खर्च भएको देखिन्छ। मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको छैन । नियमानुसार अनुगमन प्रतिवेदन पेश गरेर मात्र भत्ता भुक्तानी दिनुपर्दछ ।

| सि.नं. | पद | संख्या | मासिक | वार्षिक |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | १ | ११००० | १३२००० |
| २ | नगरउपप्रमुख | १ | ११००० | १३२००० |
| ३ | वडा अध्यक्ष | १४ | ४५०० | ७५६००० |
| ४ | कार्यपालिका सदस्य | ५ | २००० | १२०००० |
| | जम्मा | २१ | २८५०० | ११४०००० |

५४.२ **पदाधिकारीको मासिक सुविधा** - गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को ३(१) अनुसार गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, र महानगरपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले अनुसूची १(क) (ख)(ग)(घ) मा उल्लेख भए बमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिम सुविधा पाउने उल्लेख छ । नगरपालिकाका नगरप्रमुख-१, नगरउपप्रमुख-१, वडा

अध्यक्ष-१४, र कार्यपालिका सदस्य- ५, वडा सदस्य-४९ गरी जम्मा ७० जना कार्यरत रहेको देखिन्छ । नीजहरुको ऐनले तोकेको सुविधा अनुसार मासिक अध्यक्ष-रु.३९०००, उपाध्यक्ष रु.४४०००, वडा अध्यक्ष रु.२४००० र कार्यपालिका सदस्य रु.१३००० र वडा सदस्य रु.२०००० का दरले मासिक रु.९७४००० गरि वार्षिक रु.१,१६,८८,०००.०० पदाधिकारीको सुविधामा खर्च भएको देखिन्छ । आन्तरिक आय रु.२ करोड ७३ लाख ३७ हजारको तुलनामा पदाधिकारी सुविधामा ४२.७५ प्रतिशत खर्च रहेको देखिन्छ ।

## ५५ स्वीकृत कार्यक्रमको खर्च

५५.१ **स्वीकृत कार्यक्रम भन्दा फरक विषयमा खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ (१) अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको सभाबाट पारित भएको स्वीकृत कार्यक्रममा खर्च नगरी फरक कार्यक्रमबाट रु.१२,६९,०१५.०० खर्च लेखेकोले स्वीकृत विषयमा प्रयोग भएको सम्वन्धमा सुनिश्चित हुन सकेको छैन । स्वीकृत कार्यक्रममा खर्च नगरि फरक कार्यक्रममा खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

| सि.नं. | गो.भौ. नं. र मिति | विवरण | जम्मा |
|---|---|---|---|
| १ | ८७९-०८२।३।२२ | वडा नं.१२ महेन्द्रोदय मा.वि. व्यवस्थापनको लागी विनियोजित रकमबाट सिलिङ्ग फ्यान-३, स्टयाण्ड फ्यान -१ खरिद गरी पालिकामा दाखिला गरेको महेन्द्रोदय मा.वि.को लागि प्रयोग नभएको रु. | १३९५५ |
| २ | ९०७-०८२।३।२३ | वडा नं.२ को पदाधिकारी वैठक भत्ता. रु.१०,००० र वालवालिका लक्षित कार्यक्रममा रु.२४,००० विनियोजित रकमबाट अफिस टेवल-२ खरिद र ढुवानी मा खर्च गरी टेवल पालिकामा दाखिला गरेकोले स्वीकृत कार्यक्रम अनुसार खर्च नभएको रु. | २४००० |
| ३ | ९०८-०८२।३।२३ | वडा नं.१२ महेन्द्रोदय मा.वि. व्यवस्थापनको लागी विनियोजित रकमबाट ल्यापटप, टि,भी., सेतो पाटी, सिलिङ्ग पङ्खा, भलिवल खरिद गरी पालिकामा दाखिला गरेको स्वीकृत कार्यक्रम अनुसार महेन्द्रोदय मा.वि.को लागि प्रयोग तथा हस्तान्तरण नभएको रु. | ३४४०० |
| ४ | ९१६-०८२।३।२४ | मेलमिलापकर्ताको पूनर्ताजगी तालिम तथा वडा मेलमिलाप केन्द्र स्थापनामा रु.३,३४,९०० र नेपालडाँडा स्वास्थ्य चौकी बर्थिङ्ग सेन्टर व्यवस्थापनमा रु.३,८४,९०० विनियोजित भएकोमा सोफासेट-२, अफिस चेयर-९, स्टील दराज-२, स्टील चेयर-४७ खरिद गरी पालिकाम दाखिला गरेको स्वीकृत कार्यक्रम अनुसार तालिम, मेलमिलाप केन्द्र स्थापना, बर्थिङ्ग सेन्टर व्यवस्थापनमा प्रयोग तथा हस्तान्तरण नभएको रु. | ७१९८०० |
| ५ | ३३४-०८२।३।७ (पूजिगत) | सिंहदेवी प्रा.वि. ल्यापटप खरिद, कालिका प्रा.वि.ल्यापटप खरिद, प्रहरी चौकी, देउराली डेस्कटप खरिदको लागि विनियोजित रकमबाट खरिद गरी पालिकामा दाखिला गरेको स्वीकृत कार्यक्रम अनुसार ल्यापटप २ थान मात्र दुई विद्यालयमा हस्तान्तरण भएको तर प्रहरी चौकी, देउरालीमा डेस्कटप हस्तान्तरण नभएको रु. | ६६८६० |
| ६ | ७२५-०८२।३।७ | वडा कार्यालय डेस्कटप कम्प्युटर तथा कार्पेट, डकुमेन्ट स्क्यान मेसिन खरिदको लागि विनियोजित भएकोमा ल्यापटप, डेस्कटप, प्रिन्टर, स्क्यानर मेसिन खरिद गरी पालिकामा दाखिला गरेको तर स्वीकृत कार्यक्रम अनुसार वडा कार्यालयको लागि प्रयोग तथा हस्तान्तरण नभएको रु. | ११०००० |
| ७ | ३१-०८२।३।७ (पालिका शिक्षा) | सिंहदेवी प्रा.वि. ल्यापटप खरिद, कालिका प्रा.वि.ल्यापटप खरिद, प्रहरी चौकी, देउराली डेस्कटप खरिदको लागि विनियोजित भएकोमा खरिद गरी पालिकामा दाखिला गरेको स्वीकृत कार्यक्रम अनुसार ल्यापटप २ थान मात्र दुई विद्यालयमा हस्तान्तरण भएको तर प्रहरी चौकी, देउराली डेस्कटप लागि प्रयोग तथा हस्तान्तरण नभएको रु. | ३००००० |
| | | जम्मा | १२६९०१५ |

| | |
|---|---|
| अनियमित भएको | १२,६९,०१५ |

५५.२ **एउटै शिर्षकमा विनियोजन गरी खर्च (सशर्त कार्यक्रम)** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ (१) अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्वन्धि मार्गदर्शन २०८१।८२ (स्वास्थ्यतर्फ) मा कर्मचारीहरुको तलव, महंगी भत्ता, स्थानिय भत्ता, लगायत अनिवार्य दायित्वमा बाहेक अन्य शिर्षकमा रकम विनियोजन गर्न नपाइने उल्लेख छ । कर्मचारीहरुको तलव, महंगी भत्ता, स्थानिय भत्ता, लगायत अनिवार्य दायित्व शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा पारीश्रमिक कर्मचारी (२११११) मा एकमुष्ठ राखि रु. ५,३४,९४९.०० खर्च लेखेको छ ।शिर्षक अनुसार रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा पारीश्रमिक कर्मचारी (२११११) मा एकमुष्ठ राखि खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| सि.नं. | गो.भौ. नं. र मिति | खर्च विवरण | हुनुपर्ने शिर्षक | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | १२५-०८१।१०।९ | दैनिक भ्रमणभत्ता र वैठकभत्ता | भ्रमण खर्च (२२६१२) वैठक भत्ता (२११३४) | पारीश्रमिक कर्मचारी (२११११) | ५५९०० |
| २ | १२७-०८१।१०।१५ | कार्यालय सामाग्री | मसलन्द तथा कार्यालय सामाग्री (२२३११) | पारीश्रमिक कर्मचारी (२११११) | ९४५८१ |
| ३ | १६२-०८१।११।२२ | छपाई सामाग्री | छपाई (२२३१५) | पारीश्रमिक कर्मचारी (२११११) | ९७१०० |
| ४ | १८१-०८१।१२।६ | मसलन्द सामाग्री | मसलन्द तथा कार्यालय सामाग्री (२२३११) | पारीश्रमिक कर्मचारी (२११११) | ५६१०० |
| ५ | १९५-०८१।१२।१३ | दैनिक भ्रमण भत्ता | भ्रमण खर्च (२२६१२) | पारीश्रमिक कर्मचारी (२११११) | १९००० |
| ६ | २१३-०८१।१२।१९ | मसलन्द सामाग्री | मसलन्द तथा कार्यालय सामाग्री (२२३११) | पारीश्रमिक कर्मचारी (२११११) | ९५७०० |
| ७ | २९७-०८२।३।११ | विद्युत महसुल | पानी तथा विजुली (२२१११) | पारीश्रमिक कर्मचारी (२११११) | ११०५६८ |
| ८ | ३६५-०८२।३।१९ | खानेपानी महसुल | पानी तथा विजुली (२२१११) | पारीश्रमिक कर्मचारि (२११११) | ६००० |
| | | | जम्मा | | ५३४९४९ |

| अनियमित भएको | ५,३४,९४९ |
|---|---|

५५.३ **स्वीकृत कार्यक्रम भन्दा फरक खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(१) अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको सभाबाट पारित भएको स्वीकृत कार्यक्रममा खर्च नगरी फरक कार्यक्रमबाट रु. २,४०,५०८.०० खर्च गरेको छ । स्वीकृत कार्यक्रमबाट फरक कार्यक्रममा खर्च गरिनु नियमसम्मत नदेखिएको रु.

| सि. नं. | गो. भौ. नं. र मिति | स्वीकृत कार्यक्रम | खर्च विवरण | रकम |
|---|---|---|---|---|
| १ | ७१०-०८२।३।६ | किसान सूचिकरण कार्यक्रम | कृषि मेला पर्दशनी | १००००० |
| २ | ८५७-०८२।३।२१ | घरधुरी सर्वेक्षण अभिलेख तयारी | वडा नं. १३ को लागि डस्टविन खरिद | ३०००० |
| ३ | ८५८-०८२।३।२१ | नारी दिवस कार्यक्रम | वडा नं.१३ मा इसिडि कक्षा व्यवस्थापन | ३०००० |
| ४ | ८६१-०८२।३।२१ | कम्प्युटर तालिम (नगर साझेदारी) | वडा नं. १३ को लागि डस्टविन खरिद | ५०००० |
| ५ | ९११-०८२।३।२४ | संचार महसुल | मसलन्द खरिद र दैनिक भ्रमणभत्ता | ३०५०८ |
| | | | जम्मा | २४०५०८ |

| अनियमित भएको | २,४०,५०८ |
|---|---|

## ५६ चालु प्रकृतिको खर्चको तुलना

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । पालिकाले मूल्य वृद्बीका कारणले इन्धनमा वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०८०।८१को खर्च | २०८१।८२को खर्च |
|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | २००२१५१९ | १९९२३४५९ |
| ५ | इन्धन | १९९१४२५ | २२०५३१७ |
| ६ | मसलन्द | ३५५९५७८ | ३१००००० |

## ५७ संघीय सशर्तको कार्यक्रमको फिर्ता खर्च

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२९२,४२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

## ५८ बिद्यालयहरुको लेखापरीक्षणः

पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । पालिका भित्र भित्रका ७० विद्यालयहरुलाई रु. १७७३७६८७/- निकासा खर्च गरेको छ। आ.व. ०८१।८२ मा दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

## ५९ विपद/प्रकोप खर्च प्रतिवेदन

पालिकाको आर्थिक सहायता संचालन कार्यविधी २०८० को परिच्छेद १ख मा १० हजारसम्म कार्यपालिकाको निर्णय अनुसार र १० हजारभन्दा बढी २५ हजार सम्म प्रहरी मुचुल्का वडाको सिफारिस र कार्यपालिकाको निर्णय अनुसार भुक्तानी गर्न सकिने उल्लेख छ । विपद व्यवस्थापन कोष संचालन कार्यविधी २०७६ को दफा ११ अनुसार वार्षिक प्रतिवेदन तयार गरि कार्यपालिका मार्फत नगरसभामा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष प्रकोप व्यवस्थापन कोष (१५२.२१.१.६३) बाट डेगुं रोग नियन्त्रण, आगलागि, बाढी पहिरोबाट पिडितलाई रु.६,०८,३४१.०० वितरण गरेको छ । पालिकाले विपद व्यवस्थापन कोषबाट भएको खर्चको प्रतिवेदन तयार गरेको छैन । कार्यविधिमा उल्लेख भए अनुसार वार्षिक प्रतिवेदन तयार गरि कार्यपालिका मार्फत नगरसभामा पेश गरिनुपर्दछ ।

## ६० बिल भरपाई तथा वितरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) अनुसार जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा तयार गरी अद्यावधिक राख्नुपर्ने र नियमावली, २०७७ को ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । आवश्यक खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात समावेश नगरी रु.५,००,०००.०० भुक्तानी गरेको छ । तपसिलमा उल्लेख भए अनुसार प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| सि.नं. | गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ४५३-०८१।१२।५ | दिङ्गला व्याडमिन्टन संघद्धारा २०८१ माघ १४-१६ सम्म संचालित व्याडमिन्टन प्रतियोगितामा प्रतियोगी छनौट, विजेताको नामावली, पुरस्कार वितरण प्रमाण पेश गर्नुपर्ने रु. | ३५०००० |
| २ | ६४७-०८२।२।२८ | वडा खेलकुद विकास समितिले खरिद गरेको भलिवल खेल सामाग्री खरिद गरेकोले खेलकुद संचालन भएको र खेलकुद सामाग्री वितरण गरेको प्रमाणपेश गर्नुपर्ने रु. | १००००० |
| ३ | ६६६-०८२।२।२८ | वडा नं ५ ले खरिद गरेको १६ थान टनेलको लागि वितरण र लाभग्राही छनौटको प्रमाण पेश गर्नुपर्ने रु. | ५०००० |
| | | **जम्मा** | **५०००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

६१ **ईन्धन खर्च**

प्राप्त विवरण अनुसार यस बर्ष इन्धनमा रु २१ लाख र मर्मतमा रु १८ लाख ५० हजार समेत रु.३९ लाख ५० हजार खर्च गरेको देखिन्छ । पालिकामा २ जिप, २४ मोटरसाइकल, १ जे. सि. भि. १ ट्र्याकटर १ मिनिट्रिपर र १ एम्बुलेन्स रहेको र उक्त साधनको लागि समेत प्रयोग भएको देखिन्छ । सवारी लगबुक समेतको अद्यावधिक अभिलेख राखी मापदण्ड तयार गरी सोही मापदण्ड भित्र रहेर ईन्धन खर्च गर्नुपर्दछ ।

६२ **स्वास्थ्य चौंकी निर्माण वडा नं.४ भवन निर्माण ( SM/NCB/W/०१/W/०१/२०८१/८२)**

प्रदेश सरकारवाट प्राप्त अनुदानमा वडा नं.४ मा स्वास्थ्य चौंकी भवन निर्माणको लागि गत आर्थिक वर्ष २०८०।८१ मा रु. १८,५४,७७६/६७ को लागत अनुमान तयार गरी ठेक्का आह्वान भएकोमा जे.एन. कन्ट्रक्शन षडानन्द -९ सँग रु. १३,२०,७४९/२३ ( २८.७९ घटी प्रतिशत) मा संझौता भएको देखियो । पालिकाले स्वास्थ्य चौकीको निर्माण कार्य नगरी आर्थिक वर्षमा विनियोजन भएको वजेटको आधारमा लागत अनुमान तयार गरी बजेट अनुसार मात्र कार्य सम्पन्न गरेको देखिन्छ । आर्थिक वर्ष २०८१।८२ मा पुनः उक्त स्वास्थ्य चौकी भवनको लागि रु.३०,७४,२०९।६३ लागत अनुमान गरी तयार ठेक्का आह्वान गरेकोमा न्यून कवोल गर्ने जे.एन. कन्ट्रक्शन षडानन्द-९ संग रु.२३,१७,५४४।५४( २४.६१ घटी प्रतिशत ) मा २०८२।३।२० सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८१।९।२ मा संझौता भएको देखियो । उक्त निर्माण कार्यको दुई वटा रनिङ्ग विलवाट रु. १०,९९,१७१/५६ भुक्तानी भएकोमा हालसम्म वित्तीय प्रगति ४७.४२ प्रतिशत र भौतिक प्रगति ४९ प्रतिशत भएको देखिन्छ । यसरी स्वास्थ्य चौंकी निर्माण गर्दा प्रत्येक वर्ष कार्य गर्दै जाँदा कति परिमाणमा काम गर्ने र कहिले काम सम्पन्न गर्ने सो समेत सुनिश्चित छैन । समय र लागतमा थप व्ययभार नपर्ने गरी निर्माण कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

६३ **स्वास्थ्य चौंकी निर्माण वडा नं.१२ भवन निर्माण ( SM/SQ/W/०२/२०८१/८२)**

प्रदेश सरकारवाट प्राप्त अनुदानमा स्वास्थ्य चौंकी वडा नं.१२ भवन निर्माणको लागि फाउण्डेशन/टाइवीम/चारवटा वीम निर्माण(ढलान) कुल लागत अनुमान रु.१९,९३,३४२/- मा ठेक्का आह्वान गरेकोमा न्यून कवोल गर्ने लाइट विल्डर्स प्रा.लि.संग २०८२।३।२० सम्म कार्य सम्पन्न गर्ने गरी रु.१३,७१,९९०/८६ को निर्माण कार्य मिति २०८१।९।१२ मा संझौता गरेको देखियो । पालिकाले स्वास्थ्य चौकीको भवन निर्माण आर्थिक वर्षमा विनियोजन भएको वजेटको आधारमा लागत अनुमान तयार गरेको देखियो । यसरी पूरै योजनाको लागत तयार नगरी कार्य गराउँदा पहिलेको काम दोहोरिने सक्ने सम्भावना रहने देखिन्छ । यो आर्थिक वर्ष प्रदेश सरकारवाट कुनै

कार्यक्रम नरहेको साथै पालिकाले समेत उक्त कार्यको लागि वजेट विनियोजन गरेको देखिएन । यसरी वजेट विनियोजनको आधारमा मात्र कार्य सम्पन्न भएको तर भवन निर्माण कार्य अधुरो नै रहेकोले काम गर्दा परिमाण, लागत र समय सुनिश्चित गरिनुपर्दछ ।

६४ **सभाहल निर्माण**

सभाहल निर्माणका लागि कुल लागत अनुमान रु.२,९०,६५,६०८/६२ मध्ये यो वर्ष रु.९९,९४,८१०।७३ को काम रु. ६५,४६,०७०।११ मा गर्ने गरी ठेक्का पट्टा गरेको सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

६४.१ निर्माण कार्यको लागि आर्थिक वर्ष २०७८।७९ मा रु.५,२७,०९,६४०।७७ को लागत अनुमान निर्धारण भई डि.पि.आर तयार भएकोमा सभाहलको मात्र रु.२,९०,६५,६०८/६२ को लागत अनुमान स्वीकृत गरेको देखियो । आ.व.०७९।८० मा पहिलो पटक ठेक्का लागाउदा सभाहल निर्माण कार्यको रु.६९,००,९७७। को टाई वीम र पिलर ढलानसम्मको काम भएको आर्थिक वर्ष २०८०।८१ मा ईटाको गारो लगाउने ट्रस्टको र छानाको समेत रु.१,९७,१९,९९६।५२ को निर्माण कार्य भएको र सोही वर्ष ठेक्कावाट वाँकी रहेको रकमवाट पुन प्लाष्टर, कम्पाउण्ड वाल, सेनिटरी र इलेक्ट्रिकल समेत रु.७०,४४,४९७।९८ को कार्य भएकोमा आर्थिक वर्ष २०८१।०८२ मा भुक्तान दिन वाँकी रु. ७२८,२३३.०० भुक्तानी भएको छ । आर्थिक वर्ष २०८१।८२ मा रंग रोगन, फल्स सिलिङ्ग, आगनमा RCC र PCC, वस्ने कुर्सी लगायतका कार्यको लागि रु. ९९,९४,८१०।७३ लागत अनुमानमा तयार गरी ठेक्का आह्वान भएकोमा न्यूनतम कवोल गर्ने निर्माण व्यवसायी स्वीट हव विल्र्ड काठमाण्डौसँग रु. ६५,४६,०७०।११ मा उक्त कार्यको २०८२।३।१८ सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०८१।८।२६ मा संझौता भई कार्य सम्पन्न भएको छ । यो वर्ष दुई वटा रनिङ्ग विलवाट रु.६४,७५,८४९/४९ भुक्तानी भएको छ ।

६४.२ **समपुरक अनुदानको साझेदारी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,६८०,२७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६४.३ मूख्य हलमा डिपिआर तयार गर्दा विद्युतीय कार्यको आइटम छुट भएको कारण उक्त कार्यको पुन रु. २,६९,०००।९५ ( भ्याट वाहेक) लागत अनुमान तयार गरी थप काम गरेको देखियो । डिपिआरमा उल्लेख भएको वाहिरी शौचालय र टिकट काउण्टरको निर्माण कार्य नभएको कारण उक्त भवन सञ्चालनमा आएको देखिएन । वाँकी कार्य समयमा नै सम्पन्न गरी सभा भवन सञ्चालन गरिनुपर्दछ ।

६५ **ठेक्का नं. SM/NCB/W /०९ /०७९-०८० (नगरपालिका प्रशासकीय चार तले भवन)**

संघीय सरकार र नगरपालिकाको ५०/ ५० प्रतिशत लागत सहभागितामा संचालन भएको नगरपालिका प्रशासकीय भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी प्रदेज ह्याङ्ला जे. भि.सँग मिति २०८२।३।०६ मा कार्य सम्पन्न गर्ने गरी रु.६,७६,६०,४३९/३३ को निर्माण कार्य मिति २०८०।०३।६ मा संझौता गरेको देखियो । निर्माण व्यवसायीले तोकिएको म्याद भित्र कार्य सम्पन्न पनि नगरेको र उक्त निर्माण कार्यको म्याद समेत थप भएको छैन । यस सम्वन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन्:

६५.१ **कार्यासम्पादन जमानत म्याद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा स्वीकृत योजनाको बोलपत्रदाताले ऐनको दफा २७ को उपदफा ४ बमोजिम कार्य सम्पादन जामानत पेश गर्दा बाणिज्य बैकबाट जारी भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने र त्यसरी पेश गरेको कार्य सम्पादन जमानतको मान्य अवधी त्यस्तो सम्झौतामा उल्लेखित कार्य सम्पन्न गर्नुपर्ने अन्तिम अवधी वा प्रत्याभूति(वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व (DLP) अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । उक्त कार्यको लागि निर्माण व्यवसायीले प्रभु वैंक लि को कार्यसम्पादन जमानत रु.५४,८८,६००/ को म्याद मिति २०८३।०४।१५ सम्म मात्र रहेको देखिन्छ । उक्त कार्य सम्पन्न नभएको अवस्थामा म्याद थप गरी कार्यसम्पादन जमानतको समेत म्याद थप गर्नुपर्ने देखिन्छ ।

६५.२ **कम मोविलाइजेशन कट्टी** - संझौताको GCC को बुँदा नं. ५७.३ वमोजिम प्रति रनिङ्ग विल २० प्रतिशतको दरले मोविलाईजेशन पेश्की कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ । ठेक्का अंकको ३० प्रतिशत पछिका रनिङ्ग विलमा प्रत्येक रनिङ्ग विलमा २० प्रतिशतका दरले संझौता अवधिको ८० प्रतिशत अवधि सकिए पछि सम्पूर्ण पेश्की कट्टि गर्नुपर्नेमा सो कट्टि भएको देखिएन । यो वर्ष तेस्रो रनिङ्ग विल रु. ४०,०४,८७१/- र चौथो रनिङ्ग विल रु.१,२४,०१,०६८/- समेतको जम्मा रु.१,६४,०५,९३९/- भूक्तानी भएको छ । ठेक्का संझौतामा उल्लेख भएको ८० प्रतिशत अवधि समाप्त हुँदा समेत मोविलाईजेशन पेश्की वाँकी रहेको देखिन्छ ।

६५.३ **मोविलाईजेशन पेश्की वाँकी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

६६ **ठेक्का नं. SM/NCB/W /०६ /०८०-०८१**

चिउरी वोटे वालुवा वेंशी सडक निर्माणको लागि निर्माण व्यवसायी उपमा उपशना कन्ट्रक्सनसँग मिति २०८१।३।२० मा कार्य सम्पन्न गर्ने गरी रु.६४,३४,१२१/९७ को निर्माण कार्य मिति २०८०।०९।२९ मा संझौता गरेको देखियो । निर्माण व्यवसायीले तोकिएको म्याद भित्र कार्य सम्पन्न गर्न नसकेको कारण उक्त निर्माण कार्यको प्रथम पटक २०८१।०४।३० को निर्णयले मिति २०८१।९।३० सम्मको म्याद थप भएकोमा उक्त थप अवधिमा समेत कार्य सम्पन्न नभएकोले पुन: दोश्रो पटक २०८१।११।२८ सम्म कार्यसम्पन्न गर्ने गरी मिति २०८१।१०।१० को निर्णयवाट २०८२।३।९ को निर्णयवाट २०८२।३।३० सम्म म्याद थप गरेको देखियो । थप भएको अवधिसम्म समेत कार्य सम्पन्न भएको देखिएन ।यो वर्ष निर्माण व्यवसायीलाई तेस्रो र चौथो रनिङ्ग विलको जम्मा रु.२४,२२,०९९/- र हाल सम्म रु.३९,३७,१५०/- भुक्तानी भएको छ । सो सम्वन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन्:

६६.१ **कार्यसम्पादन जमानत म्याद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा स्वीकृत योजनाको बोलपत्रदाताले ऐनको दफा २७ को उपदफा ४ बमोजिम कार्य सम्पादन जामानत पेश गर्दा बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने र त्यसरी पेश गरेको कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित कार्य सम्पन्न गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति(वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व (DLP) अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । उक्त निर्माण कार्यको लागि निर्माण व्यवसायीले कृषि विकास वैंक, भोजपुर शाखावाट जारी भएको कार्यसम्पादन जमानत रु.१९,९५,०००/- को म्याद मिति २०८३।०४।३० सम्म मात्र रहेको देखिन्छ । उक्त कार्य सम्पन्न नभएको अवस्थामा म्याद थप गरी कार्यसम्पादन जमानतको समेत म्याद थप गर्नुपर्ने देखिन्छ ।

६६.२ **म्याद थप** - उक्त निर्माण कार्यको भौतिक प्रगति ६५ प्रतिशत र वित्तीय प्रगति ६१.१९ प्रतिशत भएको देखियो । दुई पटकसम्म म्याद थप गर्दा समेत निर्माण कार्य सम्पन्न नभएकोले समयमा नै कार्य सम्पन्न गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

६७ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहायअनुसार रु. ४ करोड ७५ लाख ५९ हजार का ४ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| क्र.स. | योजनाको नाम | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका भवन | प्रदेज-ह्याङ्गला जेभी | २०८०/०३/०६ | २०८२/०३/०६ | ४२५२४.०० | ७०% |
| २ | वोया हेल्थपोष्ट भवन | जीएन कन्ट्रक्सन | २०८१/०९/०२ | २०८२/०३/२० | १०९९.०० | ५०% |
| ३ | उदयपुर बालुवा वेशी सडक | उपमा एण्ड उपसना कन्ट्रक्सन | २०८०/०९/०५ | २०८२/०३/२० | ३९३६.०० | ७०% |
| ४ | उदयपुर बालुवा वेशी सडक | एकता ईन्जिनियरिङ्ग कन्ट्रक्सन | २०८२/०२/१३ | २०८२/०३/२० | | |
| | | | | | | |

६८ **दिंला सतिघाट सडक स्तरोन्नति तथा सडक कालो पत्रे कार्य**

दिंला सतिघाट सडक स्तरोन्नति तथा सडक कालो पत्रे कार्य लागि निर्माण कार्यको लागि एस.ए. एस. पुजा जे. भि.सँग मिति २०८१।३।३ मा कार्य सम्पन्न गर्ने गरी रु.८,७९,२९,८१६।९९ मा निर्माण कार्यको मिति २०७९।०९।३ मा संझौता गरेको देखियो । निर्माण व्यवसायीले तोकिएको म्याद भित्र कार्य सम्पन्न गरेको देखिएन । उक्त निर्माण कार्यको प्रथम पटक २०८१।०२ ।३२ को निर्णयले मिति २०८१।९।२९ सम्म म्याद थप भएकोमा उक्त थप अवधिमा कार्य सम्पन्न नभएको कारण दोश्रो पटक २०८१।११।०६ को निर्णयले मिति २०८१।१२।५ सम्ममा कार्यसम्पन्न गर्ने गरी म्याद थप गरेको देखियो । यो वर्ष निर्माण व्यवसायीलाई ४ वटा रनिङ्ग विल छौठौं, सातौं, आठौ र अन्तिम नवौं रनिङ्ग विलको जम्मा रु. ३,८१,४७,३३२/- को कार्य भई मोविलाईजेशन पेश्की कट्टी गरी खुद रु.३,४१,४७,३३२/- भुक्तानी भएको छ। निर्माण व्यवसायीसँग गरेको संझौताको GCC को वुँदा नं. ५७.३ वमोजिम ३० प्रतिशत रकम भुक्तानी सम्म पेश्की कट्टी नगर्ने र ८० प्रतिशत ठेक्का अवधिमा पूरै कट्टी हुनु पर्ने र मोविलाईजेशन पेश्की कट्टी गर्दा प्रति रनिङ्ग विल २० प्रतिशतको दरले गर्नु पर्ने उल्लेख रहेको छ । निर्माण व्यवसायीलाई २० प्रतिशतका दरले प्रत्येक रनिङ्ग विलमा कट्टी गर्नुपर्नेमा भौचर नं. ७/२०८१।६।१३ वाट छौटौ रनिङ्ग विल रु. ५७,६४,७२९।८९ को २० प्रतिशतले हुने रु.११,५२,९४५/- कट्टी गर्नु पर्नेमा रु.२,००,०००/- मात्र कट्टी गरेको देखियो । त्यस्तै गोश्वरा भौचर ३६/२०८१/०८/२६ वाट सातौ रनिङ्ग विल रु. ९६९४६३५/- को २० प्रतिशतले हुने रकम रु. १९,३८,९२७/- कट्टी हुनुपर्नेमा रु. ५,००,०००/- मात्र कट्टी गरेको देखियो । भौचर नं. ९४/२०८१/११/०१ वाट आठौ रनिङ्ग विलमा वाँकी सवै रकम रु. ३६,००,०००/- कट्टी गरेको देखियो । संझौता वमोजिम कट्टा गर्नुपर्ने मोविलाईजेशन पेश्की कट्टी हुनुपर्दछ ।

६९ **निमार्ण कार्यको सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ ( १) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले देहाय बमोजिमको निर्माण कार्य एकता इन्जिनिइरिङ्ग कन्सल्टेन्ट एण्ड कन्ट्रक्सन प्रा.लि.वाट सोझै खरिद गरी रु.१४,६९,४७९/- खर्च गरेको छ । सार्वजनिक खरिद ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| गोश्वार भौ. नं ./ मिति | कामको विवरण | रकम |
|---|---|---|
| ६६/ २०८२/०३/२५<br>( प्रदेश सरकार ) | निर्माणाधीन कबर्डहल ट्रस्ट छाना निर्माण षडानन्द नगरपालिका ११ | ५००००० |
| २१८/ २०८२/०१/१७<br>( नगरपालिका पूँजीगत ) | दिङ्ला हाट बजार ग्याबिन जालि निर्माण | ९६९४९७ |
| जम्मा | | १४, ६९ , ४७९ /- |

७० **लमु/श्याम/खोला खानेपानी आयोजना**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । लमु/श्याम/खोला खानेपानी आयोजनाको लागि एक घर एक धारा वितरणको कार्यको लागि खाँदवारी होम डेक्यूर एण्ड सप्लायर्सकोवाट ५२१ थान धार प्रति थान ६६३।३९ को रु. ३४५६२६।१९ मा खरिद भएको मध्ये ४४८ थान धारा वितरण भई ७३ थान वाँकी रहेकोले वितरण भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,४२७.४७ |

७१ **सोझै खरिदमा कानूनको परिपालना**

७१.१ **सवारी साधन भाडाः** षडानन्द नगरकार्यपालिका र मन्जु तामाङ बिच २०८१ मंसिर १२ मा दुइपक्षिय सम्झौता गरी सवारी भाडा वापत प्रतिदिन रु.६५०० का दरले सवारी भाडा उपलव्ध गराउने र कार्यसम्पादन राम्रो भएमा सम्झौतालाई निरन्तरता दिने उल्लेख छ । सवारी भाडामा उपलव्ध गराए वापत मन्जु तामाङलाई यस वर्ष देहाय वमोजिमका गोश्वरा भौचर र मितिवाट रु.१२,६१,०००.०० भुक्तानी गरेको देखिन्छ । सवारी साधन भाडामा लिएको समय दिन, स्थान खुल्ने गरी सवारी लकवुक राखेको देखिएन । सवारी साधन भाडामा लिएको समय दिन, स्थान खुल्ने गरी सवारी लकवुक राखेर मात्र खर्च लेख्नुपर्दछ ।

| सि.नं. | गो.भौ. नं. र मिति | अवधि | दिन | जम्मा |
|---|---|---|---|---|
| १ | ४३५-०८१।११।२२ | मंसिर- चैत्र | ५९ | ३८३५०० |
| २ | ६०६- ०८२।२।४ | फाल्गुन-चैत्र | ६० | ३९०००० |
| ३ | १०९(शिक्षा),३३-०८२।३।२५ | वैशाख- आषाढ | ७५ | ४८७५०० |
| जम्मा | | | | १२६१००० |

७१.२ **घरभाडा निर्धारण**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ (११) अनुसार सार्वजनिक निकायले काठमाण्डौ उपत्यका बाहिर पाँच लाख रुपैयाँसम्मको घरजग्गा भाडामा लिनुपरेमा उपनियम १ बमोजिमको सूचना अनुसार प्राप्त प्रस्ताव मध्ये उपयुक्त प्रस्तावमा घरधनीसँग सोझै बार्ता गरी घरजग्गा भाडामा लिनसक्ने उल्लेख छ । सार्वजनिक खर्च मितव्ययीता सम्वन्धि मापदण्ड २०८१ को बुदा नं.८(४) अनुसार सरकारी कार्यालयले घर वहालमा लिँदा सम्भव भएसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा नपर्ने गरी उपलव्ध गराउनुपर्दछ । यस नियमावली अनुसार गठन भएको घरजग्गा भाडा निर्धारण समितिले निर्धारण गरेको भाडाको आधार तथा सूचना प्रकाशनको माध्यमबाट उपयुक्त घर छनौट नगरी निम्न स्थानमा भवन भाडामा लिएर सिधै घरधनीसँग सम्झौता गरी घरभाडा वापत रु.८,९५,६४५.०० खर्च लेखेको छ । सरकारी कार्यालयले घर वहालमा लिँदा सम्भव भएसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा नपर्ने गरी नियम अनुसार गठन भएको घरजग्गा भाडा निर्धारण समितिले निर्धारण गरेको भाडा वा सूचना अनुसार प्राप्त प्रस्ताव मध्ये उपयुक्त प्रस्तावमा घरधनीसँग सोझै बार्ता गरी घरजग्गा भाडामा लिनुपर्दछ ।

७१.३ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ अनुसार रु.१० लाखसम्मलागत अनुमान भएको निर्माण कार्य तथा मालसामान खरिद कार्य सोझै गर्न सकिने, नियम ८४ अनुसार रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र नियम ३१ अनुसार २० लाखभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै नियम ८५(१ख) अनुसार सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई मसलन्द तथा छपाई, मेसिनरी औजार खरिद लगायतका सामान पटक पटक खरिद गरेको देखियो । नियमावली प्रावधान वमोजिम खरिद कार्य गर्नुपर्दछ ।

| गो.भौ. नं.र मिति | आपूर्तिकर्ता | विवरण | खर्च शिर्षक | खरिद विधि | रकम |
|---|---|---|---|---|---|
| १२७-०८१।१०।१५ | इन्फिनिटी टेक | मसलन्द सामाग्री | संघीय सरकार | सोझै | ९४५८१ |
| १६२-०८१।११।२२ | अरुण प्रेस एण्ड स्टेशनरी | छपाइ सामाग्री | संघीय सरकार | सोझै | ९७१८० |
| ३६१-०८२।३।१८ | अरुण प्रेस एण्ड स्टेशनरी | छपाइ सामाग्री | संघीय सरकार | सोझै | ९०४०० |
| २१३-०८१।१२।१९ | जिग्बि कम्प्युटर्स | मसलन्द सामाग्री | संघीय सरकार | सोझै | ९५७०० |
| ५४३- ०८२।१।१९ | अफिस सप्लायर्स | मसलन्द सामाग्री | चालु (चालु) | सोझै | ९८०२७ |
| ५९१- ०८२।२।१ | मेरिना स्टोर्स | मसलन्द सामाग्री | चालु (चालु) | सोझै | ६०००० |
| ६९८-०८२।३।३ | सालघारी इन्टरप्राइजेज | मसलन्द सामाग्री | चालु (चालु) | सोझै | ९९२५८६ |
| ७२६-०८२।३।७ | पिके स्टोर | दराज टेवल कुर्ची | चालु (चालु) | सोझै | ८९९६४ |
| ७३७-०८२।३।११ | पिके स्टोर | बेन्च चेयर कार्पेट | चालु (चालु) | सोझै | ९९९९५ |
| ९८-०८२।३।२५ | इन्फि टेक | मेसिनरी औजार | चालु (शिक्षा) | सोझै | ३२४४८७ |
| ९३२-०८२।३।२५ | इन्फि टेक | मेसिनरी औजार | चालु (शिक्षा) | सोझै | ३०००८७ |
| १०१-०८१।९।५ | अंश टेक | मेसिनरी औजार | संघीय | सोझै | ९०४०० |
| १५९-०८१।११।२२ | अंश टेक | मेसिनरी औजार | संघीय | सोझै | ९५४८५ |
| १६१-०८१।११।२२ | अंश टेक | मेसिनरी औजार | संघीय | सोझै | ९८९८८ |
| ५९६-०८२।२।२, ६६३-०८२।२।२८ | हाइटेक कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स | ल्यापटप कम्प्युटर | संघीय, चालु (गापा) | सोझै | ९०१९६६ |
| ६६३-०८२।२।२८ | धौलागिरी सोलार | इन्भर्टर | चालु (गापा) | सोझै | ९४९९८ |
| कुल जम्मा | | | | | **३६२४८४४** |

७१.४ **खरिद बिजक** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९ अनुसार बीस हजार भन्दा बढी रकमको मालसामान वा निर्माण कार्य गराउदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ती, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्ने सकिने व्यवस्था छ । पालिकाले आवश्यक सामाग्री खरिदमा रु.२० हजार भन्दा कम रकम राखेर भुक्तानी गरिएको तपसिलको नमुना परीक्षणमा देखिएको छ । मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजककर्ता संग कारोवार गर्नुपर्नेमा मू.अ.करमा दर्ता नभएको फर्मसँग कारोवार गरी भुक्तानी गरिएकोले अनुसूची ५ र ५(क) बमोजिमको ढाँचाका कर बिजककर्तासंग मात्र कारोवार गरिनुपर्दछ । केही उदाहरणहरु

| सि.नं. | गो.भौ. नं. र मिति | खरिद कार्य | आपूर्तिकर्ता | विजक नम्बर | रकम |
|---|---|---|---|---|---|
| १ | १७२-०८१।८।७ | खेलकुद सामाग्री | गंगा बुक्स एण्ड सप्लायर्स | २१९,२२६, २१५ | ५१००० |
| २ | १७२-०८१।८।७ | खेलकुद सामाग्री | ब्रदर्स इलेक्ट्रोनिक्स एण्ड फोटोग्राफी | २११,२१२,२१३ | ५८४१० |
| ३ | ७३६-०८२।३।११ | मसलन्द सामाग्री | सुम्निमा सप्लायर्स एण्ड होटल | २९८,२९९ | ३४४७० |
| ४ | ८०७-०८२।३।१७ | खेलकुद सामाग्री | फाइन आर्ट | ३९४,३९५,३९६,३९७ | ८९७५० |
| ५ | ८१०-०८२।३।८ | स्टेशनरी सामान | दिङ्गला स्टेशनरी एण्ड बुक सप्लायर्स | ३८९.४३७,४३८ | ४०७२८ |

७२ **शिक्षा तर्फ**

७२.१ शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकाले अन्तर्गत विभिन्न तहका ७० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्रं. सं | विद्यालयको नाम | वडा | जम्मा दरबन्दी पदपूर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | एक शिक्षक बरावर विद्यार्थीको अनुपात |
|---|---|---|---|---|---|---|
| १ | सन्तसावित्रा मा . वि . | १ | १३ | ३ | २०४ | १६ |
| २ | सन्त मा . वि . | १ | १५ | ३ | २४१ | १६ |
| ३ | नरशोभा आ . वि . | १ | १० | ३ | ६३ | ६ |
| ४ | यशोधरा आ . बि . | १ | ३ | ० | ५५ | १८ |
| ५ | सिद्धेश्वरी आ . बि . | १ | २ | ० | ४२ | २१ |
| ६ | जनता आ . बि . | १ | ५ | १ | ७० | १४ |
| ७ | जनसेवा आ . बि . | १ | २ | ० | ३१ | १६ |
| ८ | जनकल्याण आ . बि . | १ | २ | ० | ३१ | १६ |
| ९ | अरुणकोशी आ . बि . | १ | १ | ० | १८ | १८ |
| १० | सावित्रा मा . वि . | २ | १९ | ३ | २६७ | १४ |
| ११ | जनदोय आ . वि . | २ | ११ | १ | १०३ | ९ |
| १२ | जनोदय भुमिका आ . बि . | २ | १ | ० | १९ | १९ |
| १३ | कालिका आ . बि . पायखा | २ | ४ | २ | १६ | ४ |
| १४ | इच्चछावती आ . बि . | २ | ४ | ० | ६२ | १६ |
| १५ | पञ्चकन्या आ . बि . | २ | २ | ० | १० | ५ |
| १६ | बुद्धज्योती आ . बि . | २ | २ | १ | ५ | ३ |
| १७ | सुम्निमा आ . बि . | २ | १ | ० | ८ | ८ |
| १८ | खार्तम्छा मा . वि . | ३ | १५ | ३ | १४१ | ९ |
| १९ | चन्द्रवती आ . वि . | ३ | ५ | १ | ५८ | १२ |
| २० | कुनालुङ् आ . बि . | ३ | १ | ० | २८ | २८ |
| २१ | कालिका आ . बि . चाम्लादाङ | ३ | ६ | ३ | ३२ | ५ |
| २२ | पञ्चकन्या आ . बि . | ३ | ३ | १ | २२ | ७ |
| २३ | सिहदेवि आ . बि . सानोदिला | ३ | ३ | १ | १६ | ५ |
| २४ | बुद्ध आ . बि . | ४ | २ | १ | १७ | ९ |
| २५ | शारादा आ . वि . केराबारी | ४ | ३ | ० | १२३ | ४१ |
| २६ | भगवति मा . वि . | ५ | १५ | २ | २०१ | १३ |
| २७ | महाकाली आ . बि . | ५ | ९ | १ | ११७ | १३ |
| २८ | प्रजातन्त्रा आ . बि . | ५ | २ | ० | ३३ | १७ |
| २९ | जनविकास आ . बि . | ५ | ३ | ० | ४० | १३ |
| ३० | सरस्वती मा . वि . | ६ | १० | ० | १६० | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | शारादा आ . बि . साल्मा | ६ | ३ | ० | २० | ७ |
| ३२ | जनज्योती आ . बि . | ६ | २ | ० | २३ | १२ |
| ३३ | जनकल्याणा आ . बि . | ६ | ३ | ० | २२ | ७ |
| ३४ | शुभद्रा पन्चकन्या आ . बि . | ६ | ४ | ० | ८२ | २१ |
| ३५ | जनचेतना आ . बि . | ६ | २ | ० | २० | १० |
| ३६ | षडानन्द मा . वि . | ७ | १९ | २ | ८१६ | ४३ |
| ३७ | अरुणा मा . वि . | ७ | २० | २ | ३७९ | १९ |
| ३८ | सिहवाहनी आ . बि . | ७ | ३ | ० | ७३ | २४ |
| ३९ | जनता आ . बि . सालबोटे | ७ | ४ | २ | ३३ | ८ |
| ४० | षडेश्वर आ . बि . | ८ | ३ | १ | २६ | ९ |
| ४१ | चन्डेश्वरी आ . बि . | ८ | ३ | ० | ३४ | ११ |
| ४२ | लक्ष्मी आ . बि . | ८ | ३ | ० | ४१ | १४ |
| ४३ | साल्पा आ . बि . | ८ | ३ | ० | ५७ | १९ |
| ४४ | सिह देवी आ . बि . | ८ | १ | ० | २१ | २१ |
| ४५ | चन्द्रसुर्य मा . वि . | ९ | १७ | ५ | २४४ | १४ |
| ४६ | सेती देवी आ . बि . | ९ | १ | ० | ७ | ७ |
| ४७ | यशोधरा आ . बि . | ९ | ३ | ० | ५१ | १७ |
| ४८ | कालिका आ . बि . | ९ | ३ | ० | २८ | ९ |
| ४९ | सरस्वती मा . वि . | १० | १५ | २ | २१९ | १५ |
| ५० | शारदा आ . वि . | १० | ९ | १ | ९० | १० |
| ५१ | चण्डीका आ . बि . रिठ्ठबोटे | १० | ३ | ० | ६० | २० |
| ५२ | कालिका आ . बि . लुङ्बुङ् | १० | २ | ० | ११ | ६ |
| ५३ | लक्ष्मी आ . बि . मालबाँसे | १० | ३ | ० | ४९ | १६ |
| ५४ | मालिका आ . बि . सुनारगाँउ | १० | २ | १ | २४ | १२ |
| ५५ | शारादा मा . वि . झ्याउपोखरी | ११ | ३५ | ९ | ५०७ | १४ |
| ५६ | फालिपञ्चे आ . वि . | ११ | १२ | ३ | १२० | १० |
| ५७ | शिक्षाप्रेमी आ . बि . देउराली | ११ | ५ | २ | ४३ | ९ |
| ५८ | हजारे आ . बि . देउराली | ११ | १ | ० | ३३ | ३३ |
| ५९ | महेन्द्रोदय मा . वि . देउराली | १२ | १५ | २ | २६६ | १८ |
| ६० | गौरुङ् आ . बि . देउराली | १२ | ३ | ० | ४९ | १६ |
| ६१ | जनता आ . बि . देउराली | १२ | २ | ० | २४ | १२ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६२ | फालिसिङ्दाङसिङ्जोर आ . बि . | १२ | २ | ० | ३९ | २० |
| ६३ | विहिबारे आ . वि . | १३ | ९ | १ | ७९ | ९ |
| ६४ | सिंहदेवी आ . बि . घलेगाँउ | १३ | ३ | ० | ४५ | १५ |
| ६५ | सरस्वती आ . बि . पाताल बोया | १३ | १ | ० | १५ | १५ |
| ६६ | सिद्धदेवी आ . बि . रेवा बोया | १३ | १ | ० | १६ | १६ |
| ६७ | महेन्द्रोदय मा . वि . बोया | १४ | १७ | ५ | ३१६ | १९ |
| ६८ | सिंहदेवी आ . वि . | १४ | ९ | २ | १४३ | १६ |
| ६९ | मनाकामना आ . बि . बोया | १४ | २ | १ | १८ | ९ |
| ७० | मालिका राष्ट्रिय आ . बि . | १४ | ३ | १ | १८ | ६ |
| | जम्मा | | ४२५ | ७२ | ६३९४ | |

उल्लेखित ७० वटा विद्यालयहरु मध्ये १३ विद्यालयहरुमा विद्यार्थी संख्या २० जना भन्दा कम रहेको विवरण बाट देखिन्छ।आधारभूत तथा माध्यमिक विद्यालयहरुमा प्रचलित नियमले तोके अनुसार शिक्षक विद्यार्थी अनुपातका आधारमा दरवन्दी मिलान हुनुपर्दछ ।

७२.२ **राजश्व बाँडफाँड अनुदानबाट शिक्षकको तलब भत्ता**- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई राजश्व बाँडफाँड अनुदानबाट रु. ४२३३३३४ तलब भत्ता भुक्तानी गरेको देखियो । शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान गर्नुपर्दछ ।

| क्र. स . | विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| १ | श्री चन्द्रवती आ. वी . | ४८५४९० |
| २ | श्री विहिबारे आ. वी . | ४८५४९० |
| ३ | श्री नरशोभा आ. वी . | ४८५४९० |
| ४ | श्री महेन्द्रोदय मा. वी . | ४८५४९० |
| ५ | श्री सिंहदेवी आ. वी . | ४८५५०३ |
| ६ | श्री भगवती मा. वी . | ६०१९५७ |
| ७ | श्री सरस्वती मा. वी . | ६०१९५७ |
| ८ | श्री खार्ताम्छा मा. वी . | ६०१९५७ |
| | जम्मा | ४२३३३३४ |

७२.३ प्रति विधार्थी अनुदान- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु. ११११७६३२ /- निकासा गरेकामा सो अनुदानको अनुगमन गरेको देखिएन। अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| क्र. स . | विद्यालयको संख्या | विद्यार्थी संख्या | अनुदान प्रकार | रकम रु . |
|---|---|---|---|---|
| १ | विभिन्न ७० | १९७० | छात्रवृति | २१७०७५० |
| २ | विभिन्न ७० | ३०५४ | दिवा खाजा | ७८२११३२ |
| ३ | विभिन्न ७० | ६३१४ | इ. सि . डि . समेतको लागत अनुदान | ११२५७५० |
| | जम्मा | ११३३८ | | ११११७६३२ |

७२.४ (क) **वढी निकासा** - शिक्षक तलव खर्च लेख्दा विद्यालयको माग फाराम अनुसार रुजु गरी निकासा गर्नुपर्दछ । पालिकाले शारदा मा. वि.लाई निम्नानुसार त्रैमासिक तलव भत्ता निकासा गर्दा विद्यालयलाई निकासा हुनुपर्ने भन्दा रु. ४,८९,४६०/- वढी निकासा असुल हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | निकासा हुनुपर्ने | भएको | फरक | कैफियत |
|---|---|---|---|---|---|
| १ | शारदा मा वि | ५०६३२१७ | ५२५२१५४ | १८८९३७ | भौ नं ३/ २०८१।६।१२ |
| २ | शारदा मा वि | ३९६०२६५ | ४०४३४७७ | ८३२१२ | ११८/ २०८१ / १० / ०६ |
| ३ | शारदा मा वि | ३६२६७१७ | ३८४४०२८ | २१७३११ | ३४२।२०८२।३।१६ |
| जम्मा | | | | ४८९४६० | |

**(ख) चार्डपर्व खर्च** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२०** को निर्णयले रू **४८९,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४३,६८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ७२.५ ससर्त अनुदान कार्यक्रमको साझेदारी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१०,८६९,१६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

## ७३ अमानत

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने तथा त्यस्तो काम गराउँदा आवश्यक पर्ने निर्माण सामाग्री यस नियमावली बमोजिम खरिद गरी ज्यालामा काम गराउन पर्ने व्यवस्था छ । निम्न कर्मचारीहरु मार्फत निर्माण सामाग्री खरिद समेत अमानतमा गराई सम्बन्धित कर्मचारीलाई भुक्तानी दिएको देखिन्छ । यसरी सामान खरिद गरी सोही विलको आधारमा र डोर हाजिरीवाट भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(१) र (२) अनुसार भएको देखिएन ।यसका केही उदाहरणहरु

| गौश्वरा भौचर र मिति | भुक्तानी पाउनेको नाम | बिबरण | रकम |
|---|---|---|---|
| ३१/२०८१/०८/१३ | वडा सचिव खेम बन्धु अधिकारी | विभिन्न सडक मर्मत संभार | ९९००० |
| ४४/ २०८१/०९/०३ | नगर प्रहरी द्रोण राज राई | सार्वजानिक सम्पतीको मर्मत संभार | ९७०८० |
| १६/ २०८१/०६/१५ | सव ई. तोषल दाहाल | दिंला तुङ्गेछा सेमेङ्ग ढाडगाउँ सत्तल सडक | ८८२८० |
| ९९/ २०८१/११/०१ | बिजय कुमार चौधरी | विभिन्न सडक मर्मत संभार | ४४२३२ |
| ६६/ २०८१।१०।०९ | सुरेश विश्वकर्मा | विभिन्न सडक मर्मत संभार | ९९७७८ |
| ७७/ २०८१।१०।१५ | राज कुमार तामाङ्ग | सार्वजनिक सम्पत्तिको मर्मत संभार | ६४६३८ |
| जम्मा | | | ४९३००८ |

## ७४ सुरिक्षत नागरिक आवास

सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७५ को दफा १७ मा कन्टिन्जेन्सी खर्च गर्ने सम्वन्धि ब्यवस्था छ । उक्त व्यवस्थामा कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्ने चार प्रतिशतसम्म कन्टिन्जेन्सी वापत रकम छुट्याउन सकिने र सो रकम मध्ये दुई प्रतिशतसम्म सम्बन्धित स्थानीय तहले तथा दुई प्रतिशतसम्म संघीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले खर्च गर्न सक्नेछ । त्यस्तै उपदफा (१) बमोजिम कन्टिन्जेन्सी खर्चको बाँडफांड गर्दा संचालन, समितिको बैठक संचालन, लागत ईष्टमेट, मूल्यांकन र अनुगमन सुपरिवेक्षण, समिक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिने व्यवस्था रहेकोमा ज्यालादारी प्राविधिक राम घिमिरेलाई कन्टिन्जेन्सी रु.३,५६,६२३/- खर्च लेखेको छ ।कन्टिजेन्सी रकमको अभिलेख राखी कार्यविधी वमोजिम खर्च लेख्नुपर्दछ ।

| भौचर नं/ मिति | रकम |
|---|---|
| ३/ २०८१/०६/२१ | ८६८०३. |
| ४/ २०८१/०८/१० | ४३४०१. |
| १० / २०८१/११/०६ | ८१३७८. |
| ३३/ २०८२/०३/२४ | १०३१२४ |
| ४९/ २०८२/०३/२४ | ४१,९१७.०० |
| जम्मा | ३, ५६ , ६२३ /- |

## ७५ नमुना कृषि केन्द्र कार्यक्रम संचालन

नमुना कृषि केन्द्र कार्यक्रम संचालनका लागि नगरपालिका र षडानन्द सीताराम गुठी वीच ३५ वर्षको लागि प्रति वर्ष रु. ४०,०००/ रकममा ७० रोपनी ११ आना २ दाम १ पैसा क्षेत्रफल जग्गा षडानन्द नगरपालिकाको कृषि क्षेत्रको दिगो विकासको लागि स्थानीय श्रोत साधनको उचित व्यवस्थापन मार्फत उत्पादन, उत्पादकत्व र गुणस्तर, अभिवृद्धि समुदाय स्तरमा कृषि क्षेत्रको वातावरणीय जोखिम न्यूनीकरण गर्दै ग्रामिण कृषक समुदायको दिगो खाद्य सुरक्षा सुनिश्चितता महिला तथा युवा उद्यमशिलताको विकास गर्दै कृषि पर्या पर्यटन, गुणस्तरिय कृषि र पशुजन्य उत्पादन वृद्धि गरी बजारीकरण मार्फत आय आर्जन र स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्दै छनोट गरिएका गाँउहरूलाई नमूना कृषि केन्द्रको रूपमा विकास गरी जलवायु तथा वातावरण मैत्री कृषि प्रविधि र असल अभ्यास र सिकाइको प्रदर्शनी र अभिलेखीकरण एंव अनुभवको आदान प्रदानमा अभिवृद्धि गर्ने उद्वेश्यले षडानन्द नगरपालिका वीच मिति २०८१।१।१४ गते देखि ३५ वर्ष सम्म लागू हुने र प्रत्येक ५/५ वर्षमा नविकरण वा खारेजी गर्ने उल्लेख छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्

• पालिका उक्त नमुना कृषि केन्द्रमा भएको संझौता अवधिमा पालिकावाट निर्माण भएका स्थायी संरचना तथा अन्य वोट विरुवा लगायतको लागि भएको खर्चको सम्वन्धमा दोस्रो पक्ष (षडानन्द सीताराम गुठी) ले नगरपालिकाको लगानी सम्वन्धमा के गर्ने भन्ने सम्वन्धमा कुनै उल्लेख भएको देखिएन ।संझौता नविकरण नभएमा नगरपालिको लगानी जोखिममा पर्ने देखिन्छ ।

• उक्त क्षेत्रमा भएका नर्सरी, तरकारीका विरुवा, कफीका विरुवाहरु विक्रिवाट भएको आम्दानीको अभिलेख तोकिएको ढाँचामा राखेको देखिएन ।उत्पादित कृषिजन्य सामाग्रीको अभिलेख राखी उत्पादित बस्तुको आम्दानी नगरपालिकामा जम्मा गर्नु पर्दछ ।

• हालसम्म गत आर्थिक वर्ष २०८०।८१ मा रु. १३,८१,६९६/- र यो वर्षको रु. २,९९,२५०/- समेत कुल रु.१६,८०,९४६/- खर्च भएको छ । उक्त केन्द्रमा उत्पादित तरकारी फलफूल लगायतको आम्दानीको हिसाव छुट्टै पेश भएन ।

## ७६ सामाजिक सुरक्षा

७६.१ **सामाजिक सुरक्षा भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्तामा निकासा भएको रु. १४७२२८१२२ वितरण गर्दै आएको देखिन्छ ।सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधिमा तोकिए बमोजिम अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

७६.२ **सामाजिक सुरक्षाभत्ता वितरण तुलना-** यस पालिकावाट गत आर्थिक वर्ष २०८०।८१ र आर्थिक वर्ष २०८१।८२ मा देहाय अनुसार देहाय अनुसारका लाभग्राही रहेको देखियो ।

| क्र स | लक्षित समूह | आ. ब . २०८०।८१ मा लाभग्राही संख्या | आ. ब . २०८१।८२ मा लाभग्राही संख्या | भत्ता दर |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य | २३३८ | २३३२ | ४००० |
| २ | जेष्ठ नागरिक दलित | १७४ | १८३ | २६६० |
| ३ | जेष्ठ नागरिक एकल महिला | २१४ | १९२ | २६६० |
| ४ | विधुवा महिला | ३३२ | ३७४ | २६६० |
| ५ | पुर्ण अपाङ्ग क बर्ग | १२० | ११७ | ३९९० |
| ६ | आंशिक अपाङ्ग ख बर्ग | २७५ | २६९ | २१२८ |
| ७ | दलित वालवालिका | २४० | २१७ | ५३२ |
| जम्मा संख्या | | ३६९३ | ३६८४ | |

सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०८०।८१ मा लाभग्राहीलाई रु . १४४८१२७८७ /- खर्च भएकोमा आ . व . २०८१।८२ मा रु . १४७२२८१२२ /- खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु . २४१५३३५ /- बढी खर्च भएको छ ।

७६.३ **समीक्षा र सार्वजनिक सुनुवाई-** सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धि विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधिको परिपालना भएको देखिएन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : षडानन्द नगरपालिका, भोजपुर , षडानन्द नगरपलिका , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन प्रसाद चापागाईं | २०८१-०४-०१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रामसागर यादव | २०८१-०४-०१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८९३,३२४ | ६,७२९,३८४ | १४,५१८,८१९.४७ | ० | ० | ४,२०२,५०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २६,३४४,०२७.४७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १७,९३१,०३३ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ८,४१२,९९४.४७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५४४५९१६८.५६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६६७१०६५४ | चालु खर्च | ४६९२०१२२३.९२ |
| प्रदेश सरकारबाट अनुदान | ४७९४०८४३ | पूँजीगत खर्च | १९५१९००९२ |
| राजश्व बाँडफाँट | १२०००८१४६ | वित्तीय/अन्य व्यवस्था | २११८८९६५४.८२ |
| आन्तरिक आय | २३४६०९३६.५३ | | |
| अन्य आय | २००३०९०२४.९४ | | |
| कुल आय | ८५८४२९६०४.४७ | कुल खर्च | ८७६२८०९७०.७४ |
| बाँकी मौज्दात | | ३६६०७८०२.२९ | |

## अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरएका िवषय |
|---|---|---|
| 1 | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| 2 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षातर्फ |
| 3 | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| 4 | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| 5 | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का व्यवस्थापन |
| 6 | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट गराएको कार्य | उपभोक्ता समिति मार्फत कार्य |
| 7 | तालिम र कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| 8 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| 9 | कण्टिन्जेन्सी खर्च | कण्टिन्जेन्सी खर्च |
| 10 | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| 11 | सिमान्त परीक्षण | सिमान्त |
| 12 | प्रधानमन्त्री रोजगार सम्वन्धी कार्यक्रम | प्रधानमन्त्री रोजगार |

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १३,७०,२१,९८१.४७ | १३,७०,२१,९८१.४७ | ११,१७,०७,९६२.११ | ११,१७,०७,९६२.११ |
| १३००० | अनुदान | ४९,२३,२४,९६२.९२ | ४९,२३,२४,९६२.९२ | ५२,०१,६७,२३३.९५ | ५२,०१,६७,२३३.९५ |
| १४००० | अन्य राजस्व | १,३१,४९,३८५.०१ | १,३१,४९,३८५.०१ | २,२०,८८,४९६.६४ | २,२०,८८,४९६.६४ |
| १५००० | विविध प्राप्ति | ५,७१,०९२.०० | ५,७१,०९२.०० | २२०. | २२०. |
| क | कुल जम्मा प्राप्ति | ६४,३०,६७,४२१.४० | ६४,३०,६७,४२१.४० | ६५,३९,६३,९१२.७० | ६५,३९,६३,९१२.७० |
| ३ | चालु | ४६,९२,०१,२२३.९२ | ४६,९२,०१,२२३.९२ | ४४,८९,१७,११५.४७ | ४४,८९,१७,११५.४७ |
| २१००० | पारिश्रमिक / सुविधा | ३१,२९,५६,७७७.९५ | ३१,२९,५६,७७७.९५ | ३३,५०,८९,३६६.५४ | ३३,५०,८९,३६६.५४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ११,६१,१६,७८२.९७ | ११,६१,१६,७८२.९७ | १०,३८,५४,१०१.९३ | १०,३८,५४,१०१.९३ |
| २५००० | सहायता (Subsidy) | २,२३,८०,४७५.०० | २,२३,८०,४७५.०० | १५,८८,८४२.०० | १५,८८,८४२.०० |
| २७००० | सामाजिक सुरक्षा | १,२९,७९,०४३.०० | १,२९,७९,०४३.०० | ५३,६८,१६०.०० | ५३,६८,१६०.०० |
| २८००० | अन्य खर्च | ४७,६८,१४५.०० | ४७,६८,१४५.०० | ३०,१६,६४५.०० | ३०,१६,६४५.०० |
| ४ | पूंजीगत | १९,५१,९०,०९२.०० | १९,५१,९०,०९२.०० | २२,६८,७२,८६५.०० | २२,६८,७२,८६५.०० |
| ३१११० | भवन तथा संरचना | २,२९,८१,०७९.०० | २,२९,८१,०७९.०० | ३,२४,१०,५८३.०० | ३,२४,१०,५८३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ८८,९१,२५४.०३ | ८८,९१,२५४.०३ | ३८,६७,४००.०० | ३८,६७,४००.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४,५०,०००.०० | ४,५०,०००.०० | २,७८,४००.०० | २,७८,४००.०० |
| ३११५० | सार्वजनिक निर्माण | १४,८९,६७,२७२.९७ | १४,८९,६७,२७२.९७ | १८,१७,६६,२८९.०० | १८,१७,६६,२८९.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १,३९,००,४८६.०० | १,३९,००,४८६.०० | ८४,१९,१९३.०० | ८४,१९,१९३.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ० | १,३१,०००.०० | १,३१,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | ६६,४३,९१,३१५.९२ | ६६,४३,९१,३१५.९२ | ६७,५७,८९,९८०.४७ | ६७,५७,८९,९८०.४७ |
| ग) | बचत /कमी (ग = क-ख ) | (२,१३,२३,८९४.५२) | (२,१३,२३,८९४.५२) | (२,१८,२६,०६७.७७) | (२,१८,२६,०६७.७७) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ३८,८७,२९८.२५ | ३८,८७,२९८.२५ | ६,७३,९८३.६५ | ६,७३,९८३.६५ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (१,७४,३६,५९६.२७) | (१,७४,३६,५९६.२७) | (२,११,५२,०८४.१२) | (२,११,५२,०८४.१२) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ५,४४,५९,१६८.५६ | ५,४४,५९,१६८.५६ | ७,५६,११,२५२.६८ | ७,५६,११,२५२.६८ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३,७०,२२,५७२.२९ | ३,७०,२२,५७२.२९ | ५,४४,५९,१६८.५६ | ५,४४,५९,१६८.५६ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

• आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।

• स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

• कृषि पशुसेवा अनुदान तथा आर्थिक सहायता लगाएतका खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

• वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वियन गरिनुपर्दछ र कार्यान्वियन गर्न सकिने योजना तथा कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

• पालिकाले योजनाको प्राथमिकीरण गर्दा प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

• पालिकाले वार्षिक योजनासंग आवधिक योजनाको तादाम्यता हुनेगरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ।

• राजश्व सुधार योजना कार्यन्वयनमा ल्याई राजश्व वृद्धितर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

• प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

• ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परीपालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

• तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

• सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

• पालिकाले संभाव्यता अध्ययन तथा डिपिआर प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

• पालिकाको यन्त्रहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्ने र यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

• पालिकाको सम्पतिको उचित संरक्षण तथा व्यवस्थापन गर्नुपर्दछ ।

• पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

• संचालन निर्देशिका, मापदण्ड, नियमावली, नर्म्स बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ।

• अधुरा आयोजनाको जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

• विद्यालयहरुमा प्रचलित नियमले तोके अनुसार शिक्षक विद्यार्थी अनुपातका आधारमा दरवन्दी मिलान गरी सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन हुनुपर्दछ ।